नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

आवश्यकता

**पदः** पृष्ठ संयोजक/उपसम्पादक
**संख्याः** २
**जिल्ला संवाददाताः** ११
(सप्तरी-१, सिरहा-१, धनुषा-१ (सिटी रिपोर्टर), महोत्तरी-१, सर्लाही-१, रौतहट-३ (गौर, चपुर, गरुडा-कटहरिया), बारा-२ (निजगढ-सिमरा, कलैया), पर्सा-१ (ग्रामीण)
**योग्यताः** न्यूनतम प्रमाणतह उत्तीर्ण र पत्रकारितामा क्रियाशील एवम् अभिरुची भएको, इच्छुकले फागुन २२ गतेभित्र हस्तलिखित आवेदन, शैक्षिक प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
madheshdristi@gmail.com मा इमेल गर्नुहोला ।

● वर्ष ३ ● अंक ११६ ● २०८१ साल फागुन २२ गते बिहीबार ● Thursday 06, March 2025 ● सूर्योदयः बिहान ६:२४ बजे ● सूर्यास्तः साँझ ६:०९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मुख्यमन्त्रीको अडानपछि उपकुलपति र रजिष्ट्रार बर्खास्त



सतिश सिंह



रानी तिवारी



वैद्यनाथ महतो



भगवान ठाकुर

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश विश्वविद्यालयकाका उपकुलपति डा. वैद्यनाथ महतो र रजिष्ट्रार डा. श्रीभगवान ठाकुरलाई नहटाए आफैं राजीनामा दिने अडान राखेपछि दुवै जना बर्खास्तमा परेका छन् । मंगलबार एउटा निजी होटलमा गरिएको सिनेट बैठकमा मुख्यमन्त्री सिंहसमेत उपस्थित भएर एकतर्फी रुपमा अडान राखेकाले बैठक १ बजे शुरु भएर राति ११ बजेसम्म चलेको थियो । जनमत पार्टीनिकट नीति आयोगका उपाध्यक्ष सोहन साहले आफनो आयोगको प्रतिवेदनअनुसार कारबाही गर्नुपर्ने माग राखेका थिए । त्यसलाई समर्थन गर्दै मुख्यमन्त्री सिंहले आफ्नो प्रतिष्ठाको विषय भएको र नहटाए आफैंले राजीनामा दिने अडान राखेका थिए । बैठक अध्यक्षता गरिरहेकी विश्वविद्यालयका सहकुलपति एवम् शिक्षामन्त्री रानी शर्मा तिवारीले आफू केही दिन बाहिर जाने र शिक्षा मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले आफनो अधिनमा राखेर बैठक गरेर हटाउन आग्रह गर्दासमेत मुख्यमन्त्री सिंहले बैठकमा एकसूत्रीय एजेण्डा राख्दै उनलाई हटाउन रटान गरेका थिए । बैठकबाट उपकुलपति र रजिस्ट्रार नहटाए जनमत पार्टीले मुख्यमन्त्रीबाट नै हटाउने चेतावनी दिएपछि मुख्यमन्त्री सिंहले एकतर्फीरुपमा अडान राखेका थिए । उनले आफ्नो पार्टीको दबाब रहेको र उनलाई नटहाए पद नै जाने अवस्था रहेको भन्दै एकतर्फी रुपमा हटाउन दाबी गरेका थिए । बैठकमा सहभागी एक सदस्यका अनुसार, मुख्यमन्त्री सिंह र उनको पार्टीका पदाधिकारीले एकतर्फीरुपमै उनीहरुलाई हटाउन अडान राखेका थिए । केही समयदेखि हटाउने प्रक्रिया नमिलेको भन्दै शिक्षामन्त्री तिवारीले नहटाउने अडान लिएरपछि राउतको सचिवालयले लोसपा अध्यक्ष महन्थ ठाकुर र शिक्षा मन्त्री तिवारीलाई लक्षित र मानमर्दन हुने गरी सामाजिक सञ्जालमा लेखेका थिए । बैठकमा सहभागी प्रतिनिधिका अनुसार, मुख्यमन्त्रीलाई कानून नमिल्ने सुझाव दिए पनि उनले रातभरमा पदाधिकारी बर्खास्त नगरे भोलिपल्ट आफूले मुख्यमन्त्री पदबाट राजीनामा दिनुपर्ने दबाब रहेको भनेका थिए । बैठकमा मुख्यमन्त्री सिंहले शिक्षा मन्त्री तिवारीलाई तपाईं हटाउनु हुन्न भने भोलि राजीनामा दिन्छु भनेका थिए । उनीहरुलाई हटाइए पनि कानूनअनुसार मिलेको भने देखिदैंन । कानूनका जानकारहरुका अनुसार, ऐनमा हटाउने व्यवस्था गरिए पनि हटाउन कुनै पनि प्रक्रिया नमिलाएर हटाइनुमा मुख्यमन्त्री र जनमतको व्यक्तिगत प्रतिष्ठाको विषयबाहेक केही पनि होइन । कृषि विश्वविद्यालयको भवन शिलान्यास जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले गरेका थिए तर, जनमत पार्टीका नेता पार्टी अध्यक्ष सिके राउतले गर्नुपर्ने भनेपछि शिलान्यासका दिन जनमत पार्टी र जसपा नेपालका कार्यकर्ताबीच कुटाकुट भएको थियो । त्यसमा तत्कालीन शिक्षा मन्त्री महेश यादव घाइते भएका थिए । तत्कालीन शिक्षा मन्त्री यादव घाइते भएपछि मधेश प्रदेश सभाले नै छानबिन समिति गठन गरेको थियो । छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिएको छैन ।जनमत नेतृत्वको मधेश प्रदेश सरकारले कृषि विश्वविद्यालय सञ्चालनका लागि जम्मा १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । त्यसमा पनि आर्थिक कारोबार विगत ७ महिनादेखि बन्द गरेको छ । मधेश प्रदेशका मुख्यमन्त्री सिंहले मंगलबार मध्यराति गरेको कानूनविपरीत निर्णयले मधेश प्रदेशको शिक्षा अवस्थामा ठूलो असर पर्ने र सैयौँ विद्यार्थीको भविष्य अन्योलमा परेको देखिन्छ ।यस्तो छ हटाउने प्रावधानप्रदेश कृषि विश्वविद्यालय अध्यादेश २०७८ प्रतिस्थापन गर्न कृषि विश्विद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको धारा २४ मा उपकुलपति र रजिष्ट्रार हटाउने प्रावधान छ । जसअनुसार विश्वविद्यालयलाई गम्भीर असर पर्ने गरी कार्य भएको, पदीय जिम्मेवारी पूरा नगरेको वा पदअनुरुप आचरण नगरेको वा विश्वविद्यालयको हितविपरीतको कुनै कार्य गरेको अवस्थामा सहकुलपतिद्वारा सभाका सदस्यमध्येबाट तीन जना सदस्य रहेको छानबिन समिति गठन गर्न सकिने प्रावधान छ ।सोही दफाको २ मा ९२० उपदफा ९१० बमोजिमको समितिले तोकेको मितिभित्र सत्य तथ्य बुझेर सोसम्बन्धी प्रतिवेदन सहकुलपतिसमक्ष पेश गर्नु पर्नेछ । ९३० उपदफा ९१० बमोजिमको समितिको प्रतिवेदनका आधारमा निज दोषी पाइए सभाको बहुमत सदस्यको स्वीकृतिबाट उपकुलपतिलाई कुलपतिबाट र रजिष्ट्रारलाई सहकुलपतिबाट पदमुक्त गर्न सकिनेछ ।९४० उपदफा ९३० बमोजिम पदबाट हटाउने निर्णय गर्नुअघि निज उपर लागेको आरोपको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।९५० उपकुलपति र रजिष्ट्रारबाहेक अन्य पदाधिकारीलाई उपदफा ९१० बमोजिम आरोपमा छानबिन गर्न र पदबाट हटाउन अपनाउनु पर्ने प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

# पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोक्न निर्देशन

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले खुला सीमानाकाबाट अवैधरूपमा भित्रने पोल्ट्रीजन्य पदार्थमा रोक लगाउन प्रदेशका उच्चपदस्थ सुरक्षा अधिकारीलाई निर्देशन दिएका छन् । उनले विभिन्न नाकाबाट अवैध ढङ्गले भित्रिने अन्डा, चल्ला, तयारी कुखुरा, कुखुराको मासु, क्रेट, कार्टुन र भ्याक्सिन ओसारपसार नियन्त्रण गर्न मधेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी नायब महानिरीक्षक लालमणि आचार्य र सशस्त्र प्रहरी बल मधेश प्रदेश छिन्नमस्ता बाहिनी नम्बर २ मुख्यालयका प्रमुख एवम् सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीलाई बुधबार निर्देशन दिएका हुन् ।

सस्तो मूल्यमा गुणस्तरीय र पोषणयुक्त कुखुराको अन्डा तथा मासु उपलब्ध गराइरहेको नेपालको पोल्ट्री व्यावसाय भारतबाट अवैधरूपमा भित्रने पोल्ट्रीजन्य पदार्थका कारण सङ्कटग्रस्त हुन थालेको र भारतका विभिन्न प्रान्तमा देखापरेका बर्ड फ्लु भित्रने जोखिम उच्च रहेकाले पोल्ट्रीजन्य पदार्थको अवैध आयात नियन्त्रण गर्न नेपाल लेयर्स कुखुरापालक संघले बुधबार मुख्यमन्त्री सिंहको ध्यानाकर्षण गराएको थियो । जनकपुरधामको मधेश भवनस्थित मुख्यमन्त्री निवासमा भेट गर्दै कुखुरापालक व्यवसायीले देशको कुल ग्राहस्थ उत्पादनमा तीन प्रतिशत हिस्सा ओगटेको र प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पाँच लाख व्यक्तिलाई रोजगारी दिएको पोल्ट्री क्षेत्र संरक्षण तथा प्रवद्र्धनका लागि पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोकिनुपर्ने माग मुख्यमन्त्री सिंहसँग गरेका थिए ।

मुख्यमन्त्री सिंहले पोल्ट्रीजन्य पदार्थको खुला बिक्रीवितरणमा साना पूँजी भएका व्यक्तिको संलग्नता रहेकाले चेतनामूलक कार्यक्रमका साथ नियन्त्रण प्रयास हुनुपर्ने बताए । उनले भने, ‘अवैध आयात नियन्त्रण गर्न त्यसरी आयातीत वस्तुको बिक्रीवितरण निषेधमा जोड दिनुपर्छ । यसका लागि साना व्यापारीमा अवैध तरिकाले भित्रिएका पोल्ट्रीजन्य पदार्थबाट जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक असरका बारेमा चेतना जागृत गर्नुपर्छ ।’

उनले योजनाबद्ध तरिकाले पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोक्न सुरक्षा अधिकारीलाई निर्देशन दिँदै त्यस्ता पदार्थको अवैध आयात हुने नाका र क्षेत्र पहिचान गरी प्रहरी परिचालन गर्नुपर्ने बताए । उनले पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोक्न अभियान नै थाल्नुपर्ने र त्यसमा नेपालका पोल्ट्री व्यवसायीसँगै सरोकारवालाले अग्रसरता लिनुपर्ने औँल्याए ।

मधेश प्रहरी कार्यालयका प्रमुख एवम् प्रहरी महानिरीक्षक आचार्यले पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोक्न पहिलो चरणमा चेतनामूलक प्रचारप्रसार गरिने र दोस्रो चरणमा कानूनअनुसार त्यस्ता वस्तु नियन्त्रणमा लिएर नष्ट गरिने जानकारी दिए । सशस्त्र प्रहरी बल मधेश प्रदेश छिन्नमस्ता बाहिनी नम्बर २ मुख्यालयका प्रमुख एवम् सशस्त्र प्रहरी नायब महानिरीक्षक धौवजीले विभिन्न नाकाबाट अवैध ढंगले भित्रिने पोल्ट्रीजन्य पदार्थको नियन्त्रणमा सीमाक्षेत्रमा खटिएका सशस्त्र प्रहरीलगायत सुरक्षा निकायले निरन्तर काम गरिरहेको भन्दै उपरान्त काममा थप तीव्रता ल्याउने बताए ।

नेपालको पोल्ट्री व्यवसायमा एक खर्ब ६० अर्ब रुपैयाँ लगानी रहेको नेपाल लेयर्स कुखुरापालक संघले जनाएको छ । संघका अध्यक्ष विनोद पोखरेलले स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन मुख्यमन्त्री सिंहको अवैध अस्पतालविरुद्धको अभियानबाट हौसिएर आफूहरूले पोल्ट्रीजन्य पदार्थको अवैध आयात रोक्न मुख्यमन्त्री सिंहलाई आग्रह गर्न प्रादेशिक राजधानी जनकपुरधाम आएको बताए । ‘मुख्यमन्त्रीज्यूमा विषयवस्तु बुझ्ने र तत्काल उचित निर्णय गरेर अघि बढ्ने क्षमता छ । उहाँले हाम्रो समस्या सुन्नेबित्तिकै सुरक्षा अधिकारीलाई निर्देशन दिनुभएको छ । यसले हामीलाई पोल्ट्रीजन्य पदार्थको अनाधिकृत आयात रोकिने विश्वास पलाएको छ,’ पोखरेलले भने ।

# पुलिस क्लब वीरगंज गोल्डकपको फाइनलमा



**मधेशदृष्टि**
**वीरगंज ।**
साविक विजेता नेपाल पुलिस क्लब दोस्रो वीरगंज गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । बुधबार भएको पहिलो सेमिफाइनल खेलमा आयोजक वीरगंज युनाइटेड क्लबलाई सडेन डेथमा हराउँदै नेपाल पुलिस क्लब फाइनलमा प्रवेश गरेको हो ।

आर्दशनगर रंगशालामा जारी खेलमा खेलको निर्धारित समयमा दुवै टिम बिनागोल बराबरी खेलेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा पनि दुवै टिमको स्कोर बराबरी भएपछि खेल सडेन डेथमा प्रवेश गरेको थियो । टाइब्रेकरमा पुलिसका लागि उज्ज्वल राई, रामचन्द्र बाजी, संजीव लामा, अमित टामाटा, विवेक पाण्डेले हानेका थिए । राईले पोल बाहिर र लामाले हानेको बल किपरले रोकेका थिए ।

त्यसपछि सडेनडेथमा पुलिसका शिशिर चौधरी, निरज खड्का, प्रज्ज्वल चौधरी र सुनिल तामाङ्ले गोल गरेका थिए । टाइब्रेकरमा वीरगंजका आशा गुरुङ, सनतबहादुर गुरुङ ,सिशस थापा, बल्टोर र कृपाकान्त चौधरीले हानेका थिए । सन्तबहादुरले हानेको बल किपरले रोके भने बल्टोरले हानेको बल पोलमा लडेको थियो ।

त्यसपश्चात सडेनडेथमा वीरगंजका अजित चौधरी, विक्रम ठाकुर, प्रमजय चौधरी र विवेक चौधरीले हानेका थिए । विवेकले पोष्ट बाहिर हाने । खेलमा म्यान अफ दि म्याच नेपाल पुलिस क्लबका गोलकिपर अमित टमाटा घोषित भएका थिए । उनले नगद १० हजार रुपैयाँ र शिल्ड पनि पाएका थिए । बिहीबार हुने दोस्रो सेमिफाइनल खेलमा मच्छिन्द्र फुटबल क्लब र सहलेश फुटबल क्लब सिरहा भिड्नेछन् । मधेश प्रदेशकै सर्वाधिक धनराशी भएको दोस्रो वीरगंज गोल्डकप प्रतियोगितामा विजेता टोलीलाई नगद ११ लाख ११ हजार एक सय एघार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र र उपविजेता हुने टोलीलाई पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ नगद, ट्रफी,मेडल र प्रमाणपत्र प्रदान गरिने छ ।

प्रतियोगितामा आउने दर्शकलाई लक्षित गरेर अस्थायी प्याराफिट निर्माण गरीएको छ । अस्थायी प्याराफिटमा करिब दुई हजारभन्दा धेरै दर्शन अट्ने क्षमता छ भने ग्राउन्डमा अन्य तीन हजारभन्दा धेरै दर्शक अट्ने क्षमता छ ।

# चक्रपथको सपना साकार हुँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्व उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार मन्त्री रघुवीर महासेठले जनकपुरधामबासीको चक्रपथको सम्बन्धमा वर्षौंको सपना पूरा हुन लागेको बताएका छन् । उनले जनकपुरधाममा निर्माण हुने चक्रपथबाट जनकपुरको विकासमा नयाँ कार्य सुरुवात हुने र यसले विकासको गतिविधि अगाडि बढ्ने बताए । बाह्य चक्रपथ निर्माणमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १५ रामपुरमा शिलान्यासमा महासेठले काठमाडौँ भन्दा ठूलो चक्रपथ निर्माण हुन लागेकाले यस क्षेत्रको विकासमा थप बल पुग्ने जिकिर गरे । उनले भने, ‘यो विकासको कार्य हो, यसमा सबैले सहयोग गर्नु पर्छ, विकासका कार्यमा राजनीतिक दलबीच हातेमालो भएन भने विकास सम्भव छैन, त्यसकारण सबैले सहयोग गर्नु पर्छ ।’



महासेठले जनकपुर क्षेत्रको पर्यटकीयरुपमा समेत विकास आवश्यक रहेको बताउँदै यसका लागि शौचालयसमेत निर्माणमा आफूहरुले पहल थालेको जानकारी दिए । उनले बाह्य चक्रपथ निर्माणका लागि थोरै बजेट रहे पनि पछि बहुवर्षीय योजनाका रुपमा अगाडि बढाइने जानकारी दिए । उनले बाह्य चक्रपथ निर्माणपछि यस क्षेत्रको आर्थिक, सामाजिक विकासमा ठूलो फड्को मार्ने बताउँदै जनकपुरधामको पर्यटन प्रवद्र्धनका लागि शहरी क्षेत्रको सौन्दर्यीकरणका लागि चालु आर्थिक वर्षमा विभिन्न योजनामा बजेट विनियोजन भएको बताए ।

कार्यक्रममा नेकपा एमाले पोलिटब्युरो सदस्य जुलीकुमारी महतोले बाह्य चक्रपथ निर्माणले यस क्षेत्रमा आर्थिक गतिविधि बढ्ने जानकारी दिइन् । उनले यस क्षेत्रको वर्षौंको जनताको चाहना रहेको र सोही चाहनाअनुसार मूर्तरुप लिएको जानकारी दिइन् । १ अर्ब २५ करोड रुपैयाँ लागतमा निर्माण हुने जनकपुरधामको बाह्य चक्रपथको लम्बाइ ३२ किलोमिटर हुनेछ । चालु आर्थिक वर्षमा सडकको सुरुवाती कामका लागि भ्याटसहित ६ करोड ३० लाख १७ हजार ६ सय ७७ रुपैयाँमा ठेक्का सम्झौता भएर निर्माण कम्पनीद्वारा काम सुरुआत गरेको सडक डिभिजन कार्यालय जनकपुरधामका कार्यालय प्रमुख दुर्गा प्रसादले जानकारी दिए ।

३२ किलोमिटर लम्बाई तथा ४२.८ फिट चौडाइको बाह्य चक्रपथको सम्पूर्ण लागत १ अर्ब २५ करोड रुपैयाँ हुनेछ । स्फाल्ट प्रविधिमा सडक निर्माण हुने सडक डिभिजन कार्यालयले जनाएको छ । यसवर्ष लोहना–रामपुर जोड्ने २.२ किलोमिटर कालोपत्रे र कपिलेश्वर महुवा जोड्ने १.५ किलोमिटरमा ग्राभेल गर्ने कार्यक्रम छ ।

# निशुल्क पाइने जग्गा सशुल्क लिन दबाब

**राकेश यादव ।**
**रौतहट ।**

सदरमुकाम गौरको मध्यभागमा रहेको गौर राइस आयल एन्ड फ्लोर मिल्स नेपाल लिमिटेडको नाममा सर्भे नापी भएको जग्गाका बिषयमा विवाद चर्किएको छ । वर्षौंदेखि सार्वजनिक गर्नुपर्ने विषयमा चर्चा चल्दै आएको राइस मिलको जग्गाका विषयमा गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले निशुल्क रुपमा दानमा नगरपालिकाले २ बिघा १५ कट्ठा जग्गा खेलकुद मैदानका रुपमा पाइरहेको अभिव्यक्ति सार्वजनिक गरेपछि विवाद चर्किएको हो । गौर नगरपालिकाले लिएको निर्णयको पक्ष र विपक्षमा गरी दुई धारमा स्थानीय देखिएका छन् । कतै नगरपालिकाको निर्णयको समर्थन भइरहेको छ भने कतै बिरोध शुरू भएको हो । २००३ सालमा स्थापना भई सञ्चालनमा आएको राइस आयल एन्ड फ्लोर मिल्सका नाममा २०२१ सालमा सर्भे हुदा ५ बिघा १९ कट्ठा १५ धुर उद्योगको भवनसहित नाममा सर्भे भएको जग्गा मिल बन्द भएपछि वर्षौंदेखि सभा, सम्मलेन, व्यापार मेला, क्रिकेट खेल मैदानका रुपमा प्रयोग हुँदै आएको छ ।

उद्योगका शेयर धनीले बन्द भएको गौर राइस आयल एन्ड फ्लोर मिल्स पुनः सञ्चालनमा नल्याई भएको जग्गा बिक्री वितरण गर्न चलखेल गरेपछि जग्गा गौर नगरपालिकाका नाममा अधिग्रहण गरी खेल मैदानका रुपमा सार्वजनिक प्रयोगका लागि बनाउने उद्धेश्यले लामो समयदेखि प्रयास गर्दै आइरहेकामा सञ्चालक समितिले भोगअनुसार खेलकुदका लागि २ बिघा १५ कट्ठा जग्गा दानमा गौर नगरपालिकालाइ पास गर्ने र बाँकी जग्गा बिक्री गर्न गरेको सहमति नगर प्रमुखले सार्वजनिक गरेपछि असन्तुष्ट पक्षले सम्पूर्ण जग्गा मुआब्जा दिएर अधिग्रहण गर्नुपर्छ भन्ने दबाब सृजना गर्ने उद्धेश्यले विरोधमा उत्रिएका छन् ।

तत्कालीन प्रदेश २ का मुख्यमन्त्री मोहमद लालबाबु राउत गदी र मधेश प्रदेशका तत्कालीन पूर्व मुख्यमन्त्री सरोज यादव नेतृत्वको सरकारले जग्गा अधिग्रहणका लागि रेड बुकमा १५ करोड रुपैयाँ छुट्याए पनि रकम निकासा नदिँदा अधिग्रहण प्रक्रिया ओझेलमै परेकामा सञ्चालक समितिसँग पटकपटक छलफल गरी निःशुल्क रुपमा जग्गा दिन त्यार भएकाले बाँकी जग्गा बिक्रीका लागि खुला गर्ने निर्णय कार्यपालिकाको बैठकबाट गरेको मेयर साहको भनाइ छ ।

प्रदेश सरकारले विनियोजन गरेको रकम नपठाउँदा अधिग्रहण गर्न समस्या भएकाले आपसी समझदारीमा दानबापत पौने तीन बिघा जग्गा नगरपालिकाले लिन लागेकाले करिब १५ करोड ५६ लाख रुपैयाँ जोगिएकाले नगरपालिकाले बचत भएको रकमबाट क्रिकेटका लागि अन्य ठाउँमा पर्याप्त जग्गा व्यवस्थापन गर्न सहज हुने नगर प्रमुख साहको योजना छ ।

गौर राइस मिलका नाममा सर्भे भएको जग्गामध्ये वर्तमान अवस्थामा १ बिघा भन्दा बढ़ी जग्गा अतिक्रमणमा परेको मेयर साहले दाबी गरेका छन् । निर्वाचित जनप्रतिनिधिले नगर प्रमुखले गरेको निर्णयले नगरपालिकाको आर्थिक बचत भएको भन्दै समर्थन गरेका छन् । रौतहट निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा क बाट निर्वाचित प्रदेश सांसद नागेन्द्र प्रसाद साहको नेतृत्वमा निकालिएको विरोध र्यालीले सम्पूर्ण जग्गा गौर नगरपालिकाले अधिग्रहण गर्नु पर्ने भन्दै गौर नगरपालिका र जिल्ला प्रशासन कार्यालय रौतहटमा ज्ञापनपत्रसमेत बुझाएको छ । प्रदेश सांसद साहले सञ्चालक समितिले निशुल्क रुपमा दिने जग्गाबाहेक बाँकी जग्गा गौर नगरपालिकाका नाममा हुनुपर्ने धारणा राखेका छन् । उनले बाँकी जग्गाका लागि दिनुपर्ने रकम प्रदेश सरकारबाट दिलाउन सरकारलाई दबाब दिने बताउँदै बिक्री वितरणमा चलखेल भए ठूलो बिद्रोह हुने चेतावनी दिए ।



विभिन्न राजनितिक दलका प्रतिनिधिले जग्गा बिक्री गर्न पाइँदैन भन्ने पक्षमा उभिएका छन् । गौर नगरपालिका वडा नम्बर १ का पूर्व वडाअध्यक्ष भरत साहले दानमा दिइने जग्गाबाहेक बाँकी जग्गा सरकारी मूल्याङ्कनअनुसार या आपसी सहमतिमा पनि रकम दिएर नगरपालिकाका नाममा पास गराउनु पर्ने बताए । भएको जग्गा सबै मिलेर सार्वजनिक प्रयोगमा ल्याउनु पर्ने उनको भनाइ छ ।

गौर नगरपालिका, निर्वाचित संघीय सांसद, प्रदेश सांसदले पहल गरे गौर राइस आयल एन्ड फ्लोर मिल्स नेपाल लिमिटेडका नाममा रहेको सम्पूर्ण जग्गा गौर नगरपालिकाको नाममा ल्याउन सहज हुने छ । त्यसका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले समयमा रकम विनियोजन गरी जिल्ला प्रशासन कार्यालयमार्फत हकदाबी सूचना सार्वजनिक गर्न लगाई जग्गा अधिग्रहण प्रक्रिया टुङ्गो लगाए जग्गा खरीद बिक्री गर्ने योजना असफल भएर जानेछ ।

# सांसद किनबेचको अभिव्यक्तिमा साहद्वारा सभामुखको ध्यानाकर्षण

**मधेशदृष्टि**
**काठमाडौँ ।**

आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले सरकार सांसद किनबेचमा लागेको भन्ने सुनिएको बताउँदै त्यसबारे सरकारको जवाफ मागेका छन् । बुधबार प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै उनले यस्तो बताएका हुन् ।

‘सरकार सांसद किनबेचमा लागेको भन्ने कुरा सुनिराखेका छौँ । सत्ता गठबन्धनकै प्रमुख नेताले अध्यादेश पारित गराउन सरकारले यो काम गरिरहेको भनेर आरोप लगाइराखेका छन् । अहिलेको २१औँ शताब्दीमा, यो आधुनिक युगमा सांसद किनबेचको विषय लाजमर्दो छ,’ साहले भने, ‘सिंगो संसद नै अपमानित हुने यो विषयमा सभामुखज्यू गम्भीर हुन जरुरी छ । यो विषय यसरी संसदको नै अपमान हुने गरी प्रसारित हुँदा सरकारले पनि जवाफ दिन जरुरी छ । होइन भने एउटा जिम्मेवार सांसदले यसरी आरोप लगाउन मिल्छ कि मिल्दैन ? मिल्छ भने यसमा कानून लाग्छ कि लाग्दैन भनेर म विशेष आग्रह गर्न चाहन्छु ।’

केही दिनअघि जसपा अध्यक्ष एवम् सांसद उपेन्द्र यादवले सरकार अध्यादेश पारित गराउन सांसद किनबेचमा लागेको भनेर आरोप लगाएका थिए । त्यही विषयमा साहले संसद्मा कुरा उठाएका हुन् ।



बैठकमा उनले रौतहटको गौरव गौर राइस मिल र बोधिमाई नगरपालिकाको बंकुलमा स्थानीय वृद्ध गंगाराम बैठाको रिहाइका लागि जारी धर्नाबारे आवाज उठाए ।

रौतहटमा स्थानीय प्रशासनको आतंक चलेको घटना पनि साहले उठाए । जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) दिपककुमार रायसँग व्यक्तिगत रिसइबीका कारण बोधिमाई नगरपालिकाका निर्दोष वृद्ध गंगाराम बैठालाई फसाउने काम भएकामा उनले सरकारसँग जवाफ माग गरे ।

‘अहिले रौतहट आन्दोलित छ । त्यहाँका स्थानीय प्रशासनले दोषीलाई निर्दोष र निर्दोषलाई दोषी बनाइराखेको छ । त्यसकारण रौतहट अस्तव्यस्त छ । एकजना वृद्ध दलित गंगाराम बैठा जो निर्दोष मानिस हुन, बिनाकारण उनलाई फसाइएको छ । स्थानीय डिएसपीको रिसइबीका कारण उनी थुनामा छन् । उनका परिवार धर्नामा छन्, दलित अगुवा आन्दोलनमा छन्,’ साहले भने ।

यस्तै, साहले रौतहटको गौरवको रुपमा रहेको गौर राइस मिल केही भूमाफियाको चलखेलमा बेच्ने खेल भइरहेको भन्दै त्यसप्रति सरकारको ध्यानाकार्षण गराए । उनले प्रपञ्चविरुद्ध सिंगो गौरबासी नै आन्दोलित रहेको जानकारी गराए । जग्गा चलखेल गरेर बेच्न खोजिएपछि गौरबासी आन्दोलनमा रहेको बताउँदै त्यसबारे सरकारले जवाफ दिनुपर्ने उनले बताए ।

# विद्यार्थीमाथि यौन दुर्व्यवहार आरोपमा शिक्षक पक्राउ

**मधेशदृष्टि**
**राजविराज ।**

सबैले सम्मान र श्रद्धा गर्ने पात्रहरुमध्ये शिक्षक पनि एक हुन । तर, विडम्बना ! एक शिक्षकबाट आफ्नै शिष्यसँग भएको यौन दुर्व्यवहारको घटनाले अन्य शिक्षकको समेत शिर निहुराउने काम भएको छ ।

सप्तरीको सप्तकोशी नगरपालिका–२, सिद्धिपुरस्थित गोवद्र्धन वैरागी जनता उच्च माध्यमिक विद्यालयका शिक्षक रमेश कुमार राउत यस्तै कुकृत्यमा लागेको आरोपमा पक्राउ परेका छन् ।

विद्यालयमा करार सेवामा शिक्षक पदमा कार्यरत ३३ वर्षीय राउतले मंगलबार कक्षा १० मा अध्ययनरत छात्रा माथि विद्यालयको कोठामा यौन दुव्र्यवहार गरेको पाइएको प्रहरीको भनाइ छ ।

‘प्राक्टिकल विषयमा राम्रो अंक दिने र सोही विषयमा केही कुरा गर्नुछ’ भन्दै कक्षाकोठामा लगेर यौन दुव्र्यवहार गर्न थालेपछि चिच्याएको पीडित छात्राले प्रहरीमा बयान दिएकी छिन् ।

कोठामा लगेर शिक्षक राउतले छात्रालाई जिउमा सुम्सुम्याउने, अंगालो हाल्ने, कपाल तान्ने, चुम्बन गर्न खोज्ने लगायतका क्रियाकलाप गरेको खुलेको छ । छात्राले हल्ला गरेपछि पुगेका विद्यार्थी र अभिभावकले शिक्षक राउतलाई नियन्त्रणमा लिई प्रहरीलाई खबर गरेका थिए ।



पीडितका आफन्तले बुधबार इलाका प्रहरी कर्यालय कञ्चनपुरमा शिक्षक राउतविरुद्ध उजुरी दिएका छन् । इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक महेन्द्र नेपालले पक्राउ परेका शिक्षक राउतलाई बुधबार सप्तरी जिल्ला अदालतबाट म्याद थप गराई यौन दुव्र्यवहार कसुरमा अनुसन्धान अघि बढाइएको जानकारी दिए । विद्यालयका प्रधानाध्यापक चिरञ्जीवी पौडेलले छात्रामाथि यौन दुव्र्यवहार गरेको आरोपमा पक्राउ परेका शिक्षक राउतलाई व्यवस्थापन समितिको बैठकबाट निलम्बन तथा अन्य कारबाहीका लागि पहल गरिने बताए ।

‘शिक्षकमा यौन दुव्र्यवहारको आशय गरेको देखियो, प्रहरीको अनुसन्धान पछि आउने परिणाम अनुसार हामीले पनि आवश्यक निर्णय लिने नै छौँ,’ प्रधानाध्यापक पौडेलले भने, ‘यसबारे विद्यालय व्यवस्थापन समितिसँग गम्भीर छलफल थालेका छौँ ।’

विद्यालय विद्यार्थीलाई ज्ञान प्रदान गर्ने थलो मात्र नभएर सामाजिक संस्कार सिकाउने र सभ्य नागरिक बनाउने स्थल पनि हो ।

तर, यस्तो स्थलमा गुरुबाट शिष्यमाथि भएको यस्तो क्रियाकलापले समाजमा नकारात्मक सन्देश गएको भन्दै स्थानीयले घटनाको सुक्ष्म अनुसन्धान गरी दोषीमाथि कडा कारबाही माग गरेका छन् ।


## Birgunj Metropolitan City
### Office of the Municipal Executive
Birgunj, Parsa

## NOTICE OF INVITATION FOR ELECTRONIC BID

First Date of Publication: 2081/11/22 (6th March 2025)

1. Birgunj Metropolitan City,Birgunj,Parsa invites **electronic bids** from eligible Nepalese bidders for the following goods:

| S. No. | Contract No. | Name of Contract | Cost Of Bid Document (NRs.) | Estimated Amount(with Vat and PS) (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | BMC/NCB/WORKS/ 2081/082/20 | Construction of Boundary wall and Laying of pavers near MurliPokhari Health post Building in ward 12. | **3,000.00** | **3992806.59** | **90 days** | **100000 / 120 days** |
| | **Deadline for Bid Submission:** | | | 2081/12/24 (6th April 2025) till 12:00 Noon | | |
| | **Date, Time and Place of Bid Opening:** | | | 2081/12/24 (6th April 2025) 14:00 PM at Birgunj Metropolitan City, Birgunj | | |
| | **Account Number for Bid Document Purchase:** | | | Name of Bank: Nabil Bank, Birgunj<br>Name of Office: Birgunj Metropolitan City, Birgunj, Parsa<br>Office Account no.: 0506017500073 | | |
| | **Account Number for Bid Security Deposit:** | | | Account Name: Birgunj Metropolitan City<br>Bank Name: RastriyaBanijya Bank,Birgunj Branch<br>Account Number: 1250100303000002 | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Birgunj Metropolitan City, Birgunj, Parsaor may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp**as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.


# मुख्यमन्त्रीसँग इयु तथा फिनल्यान्ड राजदूतको भेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा सकारात्मक तथा तीव्र प्रतिफल प्राप्तिका लागि लगानीवृद्धि गर्न युरोपेली युनियन(इयु) तथा फिनल्यान्डका राजदूतहरूलाई आग्रह गरेका छन् ।

बुधबार इयुका राजदूत भेरोनिक लोरेञ्जो र पार्टी एन्टेननसँग जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भेट गर्दै मुख्यमन्त्री सिंहले सशक्तीकरणमार्फत शिक्षामा विपन्न, महिला, दलित तथा पिछडिएका समुदायको पहुँच सुनिश्चित गर्न, जीविकोपार्जन तथा समाज उन्नयनमा सघाउ पुग्ने गरी शिक्षाको गुणस्तर बढाउन तथा विद्यालयका भौतिक संरचना एवम् पठन सामग्री पर्याप्त उपलब्धताका लागि काम गर्नुपर्ने चुनौती रहेको उल्लेख गरे ।

उनले गरिबी र समाजमा विद्यमान अन्धविश्वास तथा गलत धारणाका कारण बालिका शिक्षा प्रभावित हुँदै गएको भन्दै बालविवाहले समेत शिक्षामा महिलाको सहभागिता न्यून भएको औँल्याउँदै त्यसविरुद्ध सामाजिक अभियानमा अन्तर्राष्ट्रिय समुदायको सहयोग तथा साझेदारीको अपेक्षा गरे ।

उनले मधेश प्रदेशलाई पूर्ण साक्षर प्रदेश बनाउन तथा विद्यालय शिक्षाको गुणस्तर बढाउन पर्याप्त तथा दक्ष जनशक्ति आवश्यक रहेको भन्दै त्यसका लागि समेत दातृ निकायले अग्रसरता लिनुपर्ने बताए । मुख्यमन्त्री सिंहले स्वास्थ्य क्षेत्रको गुणस्तर वृद्धि तथा प्रवद्र्धनात्मक कार्यक्रममा दातृ निकायको थप सहयोग आवश्यक रहेको उल्लेख गरे । भेटमा प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारी, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.सोहन साहलगायत सहभागी थिए ।

# पोखरियाको मालपोतमा मेयर चौहानको अनुगमन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको ग्रामिण क्षेत्र पोखरिया नगरपालिकामा हालै सञ्चालनमा आएको मालपोत कार्यालयमा अनुगमन गरिएको छ । यहि फागुन १५ गते उद्घाटन गरिएको कार्यालयमा पोखरिया नगरपालिकाका प्रमुख प्रधुमन प्रसाद चौहानले अनुगमन गरेका छन् । मेयर चौहानले मालपोत कार्यालयमा अनुगमनको क्रममा त्यहाँ सेवा लिन आएका सेवाग्राहीहरुसँग कार्यालयको सेवा प्रवाह र कर्मचारीहरुको व्यवहारबारे जानकारी लिए । त्यसक्रममा कार्यालयका कर्मचारीहरुलाई निर्देशनसमेत दिँदै मेयर चौहानले मालपोत कार्यालयलाई अझै व्यवस्थित बनाउनुपर्ने भन्दै त्यसमा आवश्यक सहयोग गरिने बताए । उनले कुनै समस्या भएमा त्यसबारे आँफुलाई जानकारी गराउनसमेत आग्रह गरे ।
अनुगमनका क्रममा मेयर चौहानलाई कार्यालयका कर्मचारीहरुले गत सोमबार १० जना र मंगलबार १४ जना सेवाग्राहीहरुको काम गरिएको जानकारी गराए । पोखरियामा सञ्चालनममा आएको मालपोत कार्यालयबाट पोखरिया नगरपालिकाका साथै धोबिनी , कालिकामाई, छिपहरमाई, पकहामैनपुर, जगरनाथपुर र बिन्दबासनी गाउँपालिका गरि सात पालिकाका नागरिक लाभान्वित हुने भएका छन् ।



**चीनका राजदूतको स्वागतमा नृत्य गर्दै विद्यार्थी:** सर्लाहीको कविलासी नगरपालिका–६ स्थित रहेको श्री मदनपुर जमुनिया विरनगरा माध्यमिक विद्यालयमा बुधबार आयोजित एक कार्यक्रमबीच नेपालका लागि चीनका राजदूत छेन सोङलाई स्वागतका लागि नृत्य प्रस्तुत गर्दै विद्यार्थीहरु । युएनडिपी अन्तर्गत चाईना फाउन्डेसनको सहयोगमा विद्यालयमा लागु परियोजना समापनका लागि राजदूत सोङ सर्लाही आएका छन् । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# पर्साका रोकिएन भारतीय कुखुरा र अण्डाको अवैध पैठारी



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतसँग सीमा जोडिएको पर्साका विभिन्न ग्रामीण क्षेत्रमा अझै पनि भारतीय बोइलर कुखुरा र अण्डा निर्बाध रूपमा नेपाल भित्र्याउने क्रम रोकिएको छैन । स्थानीय व्यापारीहरूले खुला सीमाको फाइदा उठाउँदै भारतको सिकटा, भलवहिया, जानकीटोला, अलौं लगायतका स्थानबाट साइकल र मोटरसाइकलमार्फत कुखुरा तथा अण्डा भित्र्याउने गरेको पाइएको छ । भारतीय बजारमा जिउँदो बोइलर कुखुरा प्रतिकिलो ११० भारतीय रुपैयाँमा बिक्री भइरहेको छ । तर, वीरगंजसहितका नेपाली बजारमा सोही कुखुरा काटेर प्रतिकिलो २१० रुपैयाँमा बिक्री हुने गरेको छ । सीमावर्ती क्षेत्रमा सस्तो मूल्यमा कुखुरा पाइने भए पनि वीरगञ्जसहितका भित्री बजारहरूमा बोइलर मासुको मूल्य प्रतिकिलो ३०० रुपैयाँ पुगेको छ ।
बोइलर कुखुराको अवैध तस्करी प्रायः राति र बिहानै हुने गरेको छ । व्यापार अनुगमन टोली दिउँसो मात्र सक्रिय हुने भएकाले ठूला व्यापारीहरू सजिलै उम्किने गरेका छन् । मोटरसाइकल र साइकलमार्फत कुखुरा तस्करी गरी नेपालका फार्मको रसिद काटेर पैठारी गर्ने क्रम रोकिएको छैन । विशेष गरी विवाह तथा ठूला समारोहका लागि भारतबाट नै सस्तोमा कुखुरा ल्याउने प्रथा बढ्दै गएको छ । यदि सीमा क्षेत्रमा सुरक्षा निगरानी कडा नगर्ने हो भने अवैध तस्करी अझै बढ्ने स्थानीय व्यवसायीहरू बताउँछन् ।

# नेपाल प्रवेश गर्न खोज्दा युक्रेनी नागरिक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल–भारत सीमा पार गर्न खोज्ने एक युक्रेनी नागरिकलाई भारतीय सुरक्षा बल (एसएसबी) ४७ औं बटालियनको टोलीले नियन्त्रणमा लिएको छ । मङ्गलवार राति अवैध रूपमा नेपाल प्रवेश गर्न खोज्दा युक्रेनी नागरिक बोरी बाँद्रेकोलाई रक्सौल क्षेत्रबाट पक्राउ गरिएको हो । जाँचका क्रममा उनको भारतका लागि जारी भिसा अवधि सकिएको पाइएपछि उनलाई हिरासतमा लिइएको एसएसबीले जनाएको छ । उनी हाल भारतको पश्चिम बङ्गाल, मायापुर, भक्ति सिद्धान्त सरस्वती रोड, निनाञ्चल रोड क्षेत्रमा बसोबास गरिरहेका थिए । प्रारम्भिक अनुसन्धानमा उनले नेपाल भ्रमण गर्न लागेको बताएका छन् । उनले युक्रेनी सिम कार्ड भारतमा नचल्ने भएकाले नेपाल पुगेर रोमिङ सक्रिय गरेर बैंकबाट रकम ट्रान्सफर गर्ने र विदेशी मुद्रा सटही गर्ने योजना रहेको बताएका छन् । सोधपुछ पश्चात् एसएसबीले उनलाई हरैया थानामा बुझाएको छ । त्यहाँ उनिविरुद्ध प्राथमिकी दर्ता गरी थप अनुसन्धान भइरहेको भारतीय प्रहरीले जनाएको छ । हरैया थानाध्यक्ष अञ्जन कुमारका अनुसार उनले भारतमा कति समयदेखि बसेका थिए र के प्रयोजनका लागि बसेका थिए भन्ने विषयमा अनुसन्धान भइरहेको छ ।

# रासस अध्यक्ष झाद्वारा रेल्वे स्टेसनको निरीक्षण




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले जनकपुरधामस्थित रेल्वे स्टेसन तथा नेपाल रेल्वे कम्पनीको भ्रमण तथा निरीक्षण गरेका छन् । एक कार्यक्रममा सहभागी हुन जनकपुरधाम आइपुग्नुभएका अध्यक्ष झाले बुधबार बिहान जनकपुरधामस्थित रेल्वे स्टेसन तथा नेपाल रेल्वे कम्पनी र कार्यालयको भ्रमण तथा निरीक्षण गर्दै कुर्था–जनकपुर–जयनगर रेल सेवाबारे कर्मचारीसँग छलफल पनि गरे । छलफलका क्रममा उनले लामो समयको प्रतीक्षा पछि नेपालमा रेल सेवा सञ्चालन हुनु नेपालीका लागि गौरवको विषय भएको बताए । मुलुकमा भएको राजनीतिक परिवर्तनपश्चात् भौतिक पूर्वाधारका क्षेत्रमा विकास र प्रगति भएको प्रसङ्ग उल्लेख गर्दै उनले रेल सेवा सञ्चालन हुनु यसैको उदाहरण भएको धारणा राखे । राससले हालै प्रकाशन गरेको 'राससको फोटो किताबः गणतन्त्रको १६ वर्षे उपलब्धि' पुस्तकमा नेपाली रेल र रेल्वे स्टेसनको फोटोसमेत समावेश गरिएको जानकारी दिँदै अध्यक्ष झाले नेपाली रेल्वे सेवाका अधिकांश सूचना तथा समाचारलाई राससले प्राथमिकता दिइरहेको बताए । नेपाल रेल्वे कम्पनीका कर्मचारीहरूले उनलाई कार्यालय परिसरमा स्वागत गरेका थिए ।

# मुस्लिमद्वारा माध्यमिकी परिक्रमाका यात्रीको स्वागत



**मधेशदृष्टि**
**महोत्तरी ।**
इस्लाम धर्मावलम्बीले मडैबाट ध्रुवकुण्ड पुगेका मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई स्वागत गरेका छन् ।
परिक्रमा यात्राको सातौँ दिनको रात्रि विश्रामस्थल ध्रुवकुण्ड हो जहाँ इस्लाम धर्मावलम्बीको बाहुल्य छ ।
बलवा नगरपालिकाका रौजा, धमौरा र अधियानपुरका इस्लाम धर्मावलम्बीले यात्रीलाई खादा र माला लगाइ दिएर स्वागत गरेका हुन् । सत्ययुगमा राजा उत्तानापाद र सौतेनी आमाको अपमान सहन नसकेर राजकुमार ध्रुवले तपस्या गरेका स्थान मानिने ध्रुवकुण्ड हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र हो । हिन्दू धर्मावलम्बीको पवित्रस्थल ध्रुवकुण्डसँगै मुस्लिम परम्पराका सुफी सन्त गदालीबाबा, बहार अलीबाबा र रहमत अलीबाबाको पवित्र मजार छन् ।
धमौराका बासिन्दा सामाजिक, राजनीतिक कार्यकर्ता मन्सुल कवारी भन्छन्, 'हिन्दूहरू मजारस्थलमा श्रद्धा जनाउँदै आशिष माग्न आउँछन्, हामी इस्लाम धर्मावलम्बी ध्रुवकुण्डको विकासबारे चासो राख्छौँ ।'
मजार र ध्रुवकुण्ड आफ्नो स्थान चिनाउने पवित्रस्थल भएको हुँदा हिन्दू र मुसलमान दुवैले मानसम्मान गर्ने कवारी बताउँछन् । बुधबार ध्रुवकुण्डको बासपछि यात्री भोलि महोत्तरीको अन्तिम विश्रामस्थल कञ्चनवन प्रस्थान गर्नेछन् । रासस

# बाराबाट एक महिनामा लागूऔषधसहित दुई दर्जन पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा प्रहरीले एक महिनामा लागूऔषधको ओसारपसारमा संलग्न चार भारतीयसहित २४ जनालाई त्रफाउ गरेको छ । पक्राउ पर्नेहरुमा नेपाली पुरुष १८ जना, भारतीय पुरुष ४ जना र नेपाली महिला २ जना रहेका छन् । गत माघ १८ गतेदेखि फागुन २० गतेसम्मको अवधिमा जिल्लाका विभिन्न स्थानबाट प्रहरीलले लागू औषधसहित ती २४ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए । उनीहरुको साथबाट लागू औषध गाँजा ३ क्वीन्टल २० किलो ३०९ ग्राम, अफिम २९ किलो ४५१ ग्राम र ब्राउन सुगर १७०.४ मिलिग्राम बरामद गरिएको पण्डितले बताए ।
जिल्लाका विभिन्न स्थानमा लुकिछिपी लगाइएको ९ बिघा १ कठ्ठा ५ धुर जग्गाको गाजाँ खेती र १ कठ्ठा १० धुर जग्गामा लगााइएको अफिम खेती नष्टपनि गरिएको उनले जानकारी दिए । यस्तै उक्त अवधिमा श्रोत खुल्न नसकेको हुण्डीको रकम ३ लाख २ हजार ५६५ रुपैयाँसहित एक भारतीय नागरिकलाईपनि पक्राउ गरिएको उनले जानकारी दिए ।

सम्पादकीय

# राजतन्त्र पक्षधरको सक्रियता र विकल्प

*राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपा अर्थात् यो मुलुकको पुरातनवादी शक्ति समूह। पूर्वपञ्चहरुको पार्टी। हिन्दू र राजतन्त्रको पक्षधर पार्टी। यसै भनिन्छ । यही पार्टी २०७८ को मंसिरपछि झापाका राजेन्द्र लिङ्देनको नेतृत्वमा छ। प्रदेश र संघमा ४२ जना सांसद छन् । वैशाख १० गतेको उपनिर्वाचनमा निकै कमजोर देखिएको राप्रपा मंसिरमा सम्पन्न स्थानीय तहको उपनिर्वाचनमा पनि उस्तै कमजोर देखियो। तर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका अपरेटरहरुले गलत ढंगले देश चलाउन थालेपछि असन्तुष्ट जनताहरु राजा पो ठीक हो कि भनिरहेका छन्। अहिले सामाजिक सञ्जालमा राजावादी शक्तिहरुको कन्टेन्ट उत्पादनको मौसम चलिरहेको छ। २०६५ जेठ १५ गते गणतन्त्र घोषणा भएको १६ वर्ष पुगेर १७ वर्ष लागिरहँदा के यो देशमा गणतन्त्र यति खराब भयो कि जनताले फेरि व्यवस्था फेर्न खोजेका हुन् ? या सत्ताको चास्नीमा चुर्लुम्म डुबिरहेका मुठ्ठिभरका लागि मात्रै गणतन्त्र फलिफाप भयो भनेर जनता मात्र होइन निजहरुकै पार्टीका नेताहरु पनि असन्तुष्ट भइरहँदा पूर्वपञ्चहरुलाई लाग्यो, फलाम तातेकै बेला हथौडा हान्नु पर्छ। तर हथौडा के का लागि हान्ने ? जताततै असन्तुष्टहरुको भिड देखिए पनि पञ्चायत ३० वर्ष टिक्यो, प्रजातन्त्रको ३५ वर्षमा गणतन्त्रको आधा उमेर छ । यसलाई सच्याउने संसारकै लोकतान्त्रिक प्रतिस्पर्धात्मक व्यवस्था छ । निर्वाचन अपरिहार्य छ । जोकोहीलाई दल खोल्ने र रवि लामिछानेजस्तो विना कुनै आन्दोलन र संघर्ष राजनीतिमा उदाउने अवसर छ। यस्तो अवसर प्रयोग गर्न डराएर, फेसबुक र टिकटकमा कराएर, असन्तुष्टलाई अरु उत्तेजित बनाएर देशमा कस्तो शासन व्यवस्था ल्याउन खोजिएको हो ? सजिलै कब्जा हुन्छ सत्ता र शासन व्यवस्था ?*

*बुधबार राष्ट्रिय प्रजातन्त्र पार्टीले काठमाडौँमा मोटरसाइकल जुलुश निकालेको थियो। यो जुलुशमा सहभागी धेरै थिए। उत्तेजित र अराजकतालाई स्वतन्त्रता मान्ने संस्कार बन्दै गएको छ । यो आज दलहरुका लागि र भोलि जसले उचाले उनीहरुका लागि खतराको संकेत हो । जे होस्, राष्ट्रिय झण्डासहितको जुलुशमा झापाका राजेन्द्र लिङ्देन र दुर्गा प्रसाईंको मुहार चम्किलो देखिन्थ्यो । दलहरुले बेइमानी गरेकै हुन्। इमान, नैतिकता लिलामीमा हालेर बदमासी गरेकै हुन् । संघ र प्रदेश सरकार सञ्चालनमा आफन्तहरुलाई फलिफाप गराएकै हुन् । तर राजनीति एकाध प्रदर्शन र जुलुशले बदलिने जिनिस होइन। भिडले संसार बदल्ने होइन, बदल्छ, जब भिड दर्शनसहित प्रदर्शनमा उत्रन्छ, उत्तेजनाले मात्रै शासनव्यवस्था ढल्दैन । आमजनतामा बढ्दो असन्तुष्टिले व्यवस्थामा र व्यवस्थापकमा खराबी देखिएको छ । व्यवस्थामा खराबी भनेको महंगो चुनावमा जितेकाहरुले हालिमुहाली गर्दा सर्वसाधारणले गणतन्त्र महसुस गर्न पाएनन् । यो भन्दा अब्बल व्यवस्था के हो त ? नेपाली जनता गणतन्त्रसँग निरास छन् कि शासकहरुसँग । व्यवस्था बदल्ने कि व्यवस्थापक ? देश फेर्न इच्छुकहरु उत्तेजित जुलुशमा किन विश्वास गर्छन् देखाउँछन् शक्ति ?*

*संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा राजतन्त्रबारे बहस चलिरहन्छ। राजा ठीक भन्नेहरु बढेका छन्, चुनावको नतिजा हेर्दा चैँ उनीहरु कमजोर बन्दै गएका छन् । अब राजतन्त्रले नेपाली जनताको जीवनस्तर उकास्न कुनै नयाँ उद्योग खोल्ने संकेत कम देखिन्छ। केही मुठ्ठीभरकालाई भने राजतन्त्रको मुद्दा बैंकको ऋण मिनाह गर्न, प्रदेश र संघमा चुनाव जित्न र सामाजिक सञ्जालमा केही लोकप्रियता हासिल गर्न काफी छ। उसो त पूर्वपञ्चहरु देशभर जुर्मुराएका छन् । एमाले, कांग्रेस माओवादीका दस्तासँग लड्न सकिन्छ त भनेर छलफल गरेका छन्। नेपाली सेनाले साथ दिएन भने पराजय हुन्छ कि भनेर सेनालाई पनि आकर्षित गरिरहेका छन्। मूलकुरा सामाजिक सञ्जालमा अहिले गणतन्त्रविरोधी कन्टेन्ट भाइरल गराउने काम भइरहेको छ। यो काम लोकतन्त्रकै गहना हो, स्वतन्त्रता हो। नेपालमा भने स्वतन्त्रका नाममा छाडापन बढिरहेको छ।*

*यो सामग्री हेरेर चित्त नबुझ्नेबित्तिकै तपाई मलाई पनि हार्दिक श्रद्धाञ्जली लेख्न बाँकी राख्नुहुन्न। गर्नु पर्ने चैँ के हो भने, पुराना दलहरुको कमजोरी केलाएर रवि लामिछानेजस्तै पार्टी खोलेर सत्तामा पुग्नुस् जनताको दैनिकी बदल्नुहोस्, बालेन्द्र शार्ह, हर्क साम्पाङ, गोपी हमाल, मनोजकुमार साहजस्तै स्वतन्त्र उठेर जनताको मन र दलहरुको गठबन्धनविरुद्ध चुनााव जित्नुहोस्।*

# एनआरएनएमा एकता: आजको आवश्यकता



शेष घले [redacted]

विदेशमा बस्ने नेपालीहरुको साझा संस्था गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) यतिबेला असहज अवस्थामा छ । १०औं महाधिवेशनका क्रममा चर्किएको विवाद ११औं महाधिवेशनमा आइपुग्दा थप तिक्ततापूर्ण देखियो। सङ्घको विभिन्न तहमा नेतृत्व चुन्न गराइएका निर्वाचनको विश्वसनीयताबारे प्रश्नहरु उठे र केही साथीहरुको मन विभाजित हुनपुग्यो । यसले गर्दा एनआरएनए अभियानमा ठूलो धक्का लागेको छ।

सन् २००३ मा नेपाल बाहिर रहेका नेपालीहरु भेला भएर जुन लक्ष्य र उद्देश्यअनुसार सङ्घको स्थापना गरियो, पछिल्लो समय त्यो लक्ष्य र उद्देश्यअनुरुप संस्थाले अघि बढ्न सकेको देखिँदैन । विधानमा भएको व्यवस्थाअनुरुप अघि बढ्न नसक्दा समस्याहरु जेलिंदै गएका छन्।

संस्थाप्रति नै नैराश्यता पैदा गराउने किसिमका गतिविधिले विश्वभरि फैलिएका लाखौँ प्रवासी नेपालीका मुद्दाहरुले प्राथमिकता पाउन सकेको छैनन् । एनआरएनएहरुबीच भावनात्मक एकता र सामूहिक सहकार्यको अभावमा समसामयिक एवम् नियमित रुपमा अघि बढाउनुपर्ने मुद्दाहरु थाती रहेको अवस्था छ। यसका कारण विदेशमा सिकेको ज्ञान, सीपलाई स्वदेशमा भित्र्याउन र लगानी गर्नका लागि जटिलता पैदा भइरहेको छ।

यस्ता सबै किसिमका मतभेद र मनभेदलाई अन्त्य गरेर सङ्घलाई लयमा फर्काउन सम्मानित सर्वोच्च अदालतले २०८० चैत २१ गते एकताको महाधिवेशन गर्न आदेश दियो। अदालतको फैसलाको छ महिनापछि २३ अक्टोबर २०२४ मा उच्चस्तरीय समितिलाई परराष्ट्र मन्त्रालयबाट निर्देशन प्राप्त भयो।

सामूहिक जिम्मेवारी र स्पष्टता सुनिस्चित गर्न उक्त निर्देशन उच्चस्तरीय समितिका सबै सदस्यहरुलाई पठाइएको थियो। उक्त निर्देशन प्राप्त भएको ३० दिनभित्र १९ नोभेम्बर २०२४ मा उच्चस्तरीय समितिको पहिलो बैठक बस्यो । त्यस सँगसँगै ६ महिनाभित्र अन्तर्राष्ट्रिय साधारणसभा आयोजना गर्नु पर्ने समयावधि पनि सुरु भयो।

**प्रगतिको मार्गचित्र**

उच्चस्तरीय समितिले पूर्णता पाएसँगै करिब एक दर्जन बैठकहरु बसी एकताको महाधिवेशनको मार्गचित्र कोरिएका छन् । विश्वभरका एनआरएनहरु निरन्तर संवादमा छन् र एकताको महाधिवेशनमार्फत संस्थालाई वैधानिक र लोकतान्त्रिक पद्दतिमा हिडाउन आतुर छन्।

सर्वोच्च अदालतको परमादेश र फैसला कार्यान्वयन निर्देशनालयले हालै गरेको पत्राचारका आधारमा परराष्ट्र मन्त्रालयले कानुन मन्त्रालयको सिफारिसमा एकजना सरकारी प्रतिनिधि पनि तोकिदिएकाले कामलाई अगाडि बढाउन सहजता मिलेको छ। परमादेशको निर्णय खण्डको बुँदा नम्बर छ मा उल्लेख भएको विषयले पनि पूर्णता पाएकाले अब विधिवत रुपमा अधिवेशनमार्फत एनआरएन एकताका लागि अगाडि बढ्न कुनै अवरोध छैन।

विश्वभरका एनआरएनए सदस्यहरुलाई नेपालमै आएर प्रत्यक्ष मतदान प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्न हामीले आह्वान गरेका छौँ। सम्मानित सर्वोच्च अदालतले यसअघि नै संस्थाको विवाद, सदस्यता, नवीकरण र निर्वाचनमा भएको अनियमिततालाई गहिरो रुपमा अध्ययन गरेरै परमादेश दिएकाले सोही अनुसार अघि बढेमा मात्र संस्थामा एकता कायम गर्दै अगाडि बढ्न सक्ने अवस्था छ।

एनआरएनए परराष्ट्र मन्त्रालयमा दर्ता भएको संस्था भएकाले राष्ट्रिय समन्वय परिषद (एनसीसी) हरुसँग समन्वय र सहकार्य मात्र गर्ने हो, नियन्त्रण गर्न खोज्नु सान्दर्भिक हुँदैन । उच्चस्तरीय समितिले ३१ मार्च २०२५ भित्र सङ्घको सदस्य बन्न योग्य सबै एनआरएनहरुलाई सदस्यताका लागि आवेदन दिन वा आफ्नो सदस्यता नवीकरण गर्न आह्वान गरेको छ । आगामी अप्रिल १५ सम्म एनसीसीहरुले अधिवेशन गरेर उच्चस्तरीय समितिलाई जानकारी मात्र गराए पुग्छ । एनआरएनएको अधिवेशन गर्न एनसिसीको अधिवेशन जरुरी पर्दैन तर आपसी समझदारी एवम् सल्लाह चाहिँ हुनुपर्छ।

एकता महाधिवेशन बिना अब एनआरएनहरुबीच भावनात्मक र सामूहिक सहकार्य हुने अवस्था देखिदैन । यतिबेला अदालतको पहिलो र दोस्रो फैसलालाई आफूखुशी व्याख्या गर्ने परिपाटीले समस्या निम्त्याइरहेको छ । अदालतको फैसला र परमादेशलाई तथ्यगत रुपमा व्याख्या नगरी आफूखुशी व्याख्या गरेर गैर आवासीय नेपालीहरुलाई रनभुल्लमा पार्ने प्रयास गरिएको छ।

यद्यपि, अदालतको फैसलालाई राम्रोसँग अध्ययन गरेर काम गर्दा कुनै किसिमको द्विविधामा बसिरहनुपर्ने अवस्था देखिदैन । एनआरएन विवादका सम्बन्धमा न्यायाधीशद्धय सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले फैसला सुनाउँदा नै सात बुँदामा जारी गरेको परमादेशले स्पष्ट रुपमा एकताको महाधिवेशन गराउन आदेश दिएको छ।

उच्चस्तरीय समितिले समितिको पहिलो बैठक बसेको मितिले छ महिनाभित्र सङ्घको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायत सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गर्न÷गराउन अख्तियारी दिएकाले यसमा पनि कुनै संशय लिनुपर्ने अवस्था छैन। हामीले हाम्रो काम परराष्ट्र मन्त्रालयको तर्फबाट गरिरहेका छौँ भन्ने कुरा महत्वपूर्ण छ । सर्वोच्च अदालतको आदेश पालना गर्दै हामीले कानुनको शासन तथा सुशासन पालना गर्न नेपाल सरकारलाई पनि सघाइ रहेका छौं ँ।

एउटा ऐतिहासिक अवसर

अहिलेको समय गैरआवासीय नेपाली सङ्घका लागि एउटा ऐतिहासिक अवसर हो। लामो समयदेखि गैरआवासीय नेपाली सङ्घ एउटा बलियो आधार बिना नै काम गर्दै आइरहेको छ।

हाम्रो ध्येय भनेको गैरआवासीय नेपाली सङ्घलाई कानुनको शासन, निष्पक्षता, पारदर्शिता र लोकतन्त्रका सिद्धान्तहरुमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नु हो । यो प्रक्रिया एउटा लोकतान्त्रीकरणको प्रयास पनि हो, जसले संस्थाको भविष्य निर्धारित गर्न हरेक सदस्यलाई एउटा आवाज दिनेछ । यी रुपान्तरणलाई मूर्तरुप दिन एउटा नयाँ विधान मस्यौदा गरिनेछ । यो विधानले उत्थानशील तथा सुदृढ गैरआवासीय नेपाली सङ्घ निर्माण गर्न जगको काम गर्नेछ।

वास्तवमा एनआरएनएमा निष्पक्षता, पारदर्शिता तथा प्रजातान्त्रिक सुशासन सुनिश्चित गर्नका लागि सर्वोच्च अदालतले दिएको 'म्यान्डेट' नै पर्याप्त छ । 'कानुनको शासन' पालना गर्नुपर्ने विश्वव्यापी मान्यताअनुरुप एनआरएनए अभियन्ताहरु पनि यसबाट अलग हुन सक्दैनन्।

अदालतको आदेशलाई आफू अनुकूल परिभाषा गर्ने प्रवृत्तिले संस्थालाई बलियो बनाउँदैन । गत अप्रिल २०२४ मा सर्वोच्च अदालतको संक्षिप्त फैसला र पछि प्राप्त पूर्णपाठसहितको फैसला स्पष्ट र निर्देशनात्मक थिए र तिनमा कुनै पनि अस्पष्टता थिएन । एनआरएनएभित्र रहेका पद्धतिगत मुद्दाहरुलाई सम्बोधन गर्ने तथा छ महिनाभित्र अन्तरराष्ट्रिय साधारण सभा (आइजीए) आयोजना गर्ने भनेर प्रष्ट र बुझिने भाषामा स्पष्ट पारिएकाले अब कुनै संशय लिइरहनुपर्ने देखिँदैन।

हाम्रो जिम्मेवारी भनेको कानुनी निर्देशन पूरा गर्ने मात्रै नभएर यो एउटा दिगो तथा प्रजातान्त्रिक संस्था निर्माण गर्नका लागि दरिलो ढाँचा निर्माण गर्ने अवसर पनि हो । सदस्यता वितरण र नवीकरणको पाटो सँगसँगै अघि बढिसकेकाले संस्थालाई रुपान्तरण गर्ने अवसर आएको छ। लोकतान्त्रिक सिद्धान्तमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नुपर्ने चुनौतीका बीच हामी यो प्रयासमा इमान्दारीपूर्वक लागेका छौँ।

**सबैको बाटो एउटै**

संस्थाको आधारस्तम्भ भनेका सदस्यहरु हुन्। त्यसैले विधानमा भएको स्पष्ट व्यवस्था अनुरुप हरेक मुलुकमा विद्यमान सदस्यता नवीकरणका साथै नयाँ सदस्यता खोलिएको, महाधिवेशनमा भाग लिन चाहने सदस्यहरुले आफ्नो इच्छा व्यक्त गर्ने अवसर प्रदान गरिसकिएकाले एकताको महाधिवेशनले खुड्किलो चढिसकेको छ । आउँदो कैयौं ँ दशकसम्म क्रियाशील रहन सक्ने गैरआवासीय नेपाली सङ्घ निर्माण गर्नको लागि आधारभूमि तयार भइसकेको अवस्था छ । झन्डै चार हजार प्रतिनिधि अधिवेशनमा सहभागी बन्ने अपेक्षाअनुसार काम भइरहेकाले यसबाट नेपालको पर्यटन उद्योगमा ५० करोड बराबरको सामूहिक योगदान प्राप्त हुने अपेक्षा गरिएको छ।

विश्वभरका एनआरएन मित्रहरुले बुझ्नुपर्ने कुरा के छ भने सर्वोच्चको परमादेशमा कुनै किसिमको अस्पष्टता छैन। परराष्ट्र मन्त्रालयले हामीलाई स्पष्ट दिशानिर्देश गरेको छ। सर्वोच्च अदालतको २०८० चैत २१ गतेको आदेशलाई अरु कुनै पनि फैसलाले निषेध नगरेको, नेपाल सरकारको सहयोगमा उक्त आदेश कार्यान्वयनको प्रक्रियामा रहेको र यससँग बाझिने अरु कुनै आदेश वा फैसला नभएकाले महाधिवेशनमा सहभागिता जनाउन कोही, कसैले वैधानिक अफ्ठ्यारो महशुस गर्नै पर्दैन।

त्यस्तै उच्चस्तरीय समितिको पदावधि १८ मे २०२५ मा सकिने भएकाले आगामी मे महिना भित्रै एकताको महाधिवेशन गर्नुपर्ने 'म्यान्डेट' छ। एकताको महाधिवेशन पर सार्नसक्ने कुनै वैधानिक आधार हामीसँग छैन । त्यसैले तोकिएको मिति २०२५ मे ३ देखि ५ मा काठमाडौँमा भेला भएर संस्थालाई एकताबद्ध बनाउन र नयाँ लोकतान्त्रिक पद्धतितर्फ डो¥याउन उच्चस्तरीय समितिको तर्फबाट सम्पूर्ण मित्रहरुमा यसै लेखमार्फत अपिल गर्दछु। रासस

# विश्व शान्ति कायम गर्न प्रेरित गर्दै बौद्ध गुरुहरु

**कृष्णराज गौतम**

विश्व सम्पदामा सूचीकृत लुम्बिनी क्षेत्रमा बौद्ध गुरुहरुले अहिले विश्व शान्ति कायम गर्न अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरेका छन् । अखिल नेपाल भिक्षु महासङ्घको आयोजनामा जारी चौथो त्रिपिटक वाचन समारोहमा सहभागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध धर्म गुरुहरुले विश्व शान्ति तथा मानव कल्याणका लागि गरेको कामनाले सबैको ध्यानाकर्षण गराएका हुन् । समारोहमा नेपाल, भारत, श्रीलङ्का, कम्बोडिया, थाइल्याण्ड, चीन, कोरीया, जापानलगायत १६ देशका लामा, बौद्ध भिक्षुभिक्षुणी गरी करिब दुई हजारको सहभागिता रहेको छ।

महासङ्घले मुलुकमा धार्मिक पर्यटन प्रवर्द्धनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा बौद्ध साहित्यको प्रचारप्रसार गर्ने उद्देश्यले बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा यही फागुन २० देखि २५ गतेसम्म शुरु गरिएको आध्यात्मिक कार्यक्रममा बुधबारदेखि चौथो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ गरिएको हो । उपप्रधान एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंह, लुम्बिनी विकास कोषका अध्यक्ष लाह्याक्याल लामा र महासङ्घका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले दीप प्रज्ज्वलन गरी कार्यक्रम शुभारम्भ गरेका हुन्।

शाक्यमुनि बुद्धले बोधिसत्व प्राप्त गरेपछि करिब ४५ वर्षसम्म विभिन्न स्थानमा निरन्तर प्रदान गरेका उपदेश तथा आध्यात्मिक ज्ञान सग्रहित ग्रन्थ त्रिपिटक हो । महासङ्घका कोषाध्यक्ष भिक्षु बोधिज्ञानले विश्वका विभिन्न शक्ति राष्ट्रबीचको द्वन्द्व अन्त्य गरी सुखपूर्वक मानिसको जीवनयापनको अधिकारलाई सुनिश्चित गर्न यस्ता आध्यात्मिक गतिविधि महत्वपूर्ण हुने विचार व्यक्त गरे।

अभिधर्म, सूत्र र विनय गरी तीन भागमा वर्गीकरण गरिएको त्रिपिटकलाई बौद्ध साहित्यमा मूल ग्रन्थ मानिएको छ। उक्त ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ। थेरवाद, महायानलगायत सबै सम्प्रदायका बौद्ध धर्मावलम्बीले अवलम्बन गर्ने यो ग्रन्थलाई सम्बन्धित सम्प्रदायको धार्मिक प्रभावअनुसार अभ्यास गर्ने गरेको पाइन्छ।

बुद्धले बोधगयामा बुद्धत्व प्राप्त गरेका थिए। त्यसपछिका ४५ वर्ष उनले मानिसहरूलाई धर्म–दर्शन तथा सामाजिक जीवनका कुरा बताए । बुद्धका ती उपदेशलाई उनीहरू 'बुद्ध वचन' का रूपमा स्मृतिमा सँगाल्थे र छलफल समेत गर्थे। तर त्यसबेला लिपिबद्ध गर्ने काम हुन सकेन।

बुद्ध वचनको सङ्ग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधम्म पिटकको वाचन गरिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भिक्षु तथा धर्मगुरुले सूत्रपिटकअन्तर्गतको दीर्घ निकायको बह्मजाल सूत्र वाचन गरेर त्रिपिटक वाचनको सुरुआत गरेका हुन् । पाली भाषामा लेखिएको त्रिपिटक ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ। यस ग्रन्थमा भगवान् बुद्धद्वारा बुद्धत्व प्राप्त गर्दाको समयदेखि महापरीनिर्वाण हुनुअघिसम्म दिएका प्रवचन सङ्ग्रह गरिएको छ।

पाली भाषामा लेखिएको त्रिपिटकमा ८४ हजार धार्मिक उपदेश समावेश गरिएका छन् । तिनै सङ्ग्रहको एकमुष्ट समूहलाई नै बुद्धधर्मको अमूल्य र पवित्र ग्रन्थ मानिएको हो । शान्ति, अहिंसा, कुशल कार्य र मन शुद्धीकरण गर्नका लागि त्रिपिटकको ज्ञान र अध्ययन आवश्यक छ। त्रिपिटक बौद्ध धर्मको एउटै ग्रन्थ नभई गौतम बुद्धका उपदेश, वचन र सूत्रको तीन थरी दृष्टिकोण हो।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार तिलकराम आचार्यले अन्तर्राष्ट्रिय समुदायलाई लुम्बिनीका पुरातात्विक महत्वका सम्पदास्थलबारे प्रचार तथा तीर्थाटनलाई प्रेरित गर्न, बौद्ध शिक्षा, साहित्य तथा दर्शनको महत्वबारे जानकारी गराउन त्रिपिटक वाचन कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा बुद्ध वचनको सग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधर्म पिटकको वाचन गरिनेछ।

धर्म र विनयको सङ्कलनसहित प्रथम सङ्गायन सम्पन्न भएको एक शताब्दीभित्र बौद्ध धर्ममा विभिन्न फरक मतहरू देखा पर्न थाले। प्रथम संगायनदेखि विभिन्न बौद्ध उपदेशलाई सङ्ग्रह गरिएको भए पनि विभिन्न समयमा भएका संगायनपछि विनयलाई तीन पटक विभाजित गरेको पाइन्छ। त्रिपिटक बाचनले गुन्जिएको ग्रन्थले त्यस आसपास क्षेत्रमा सहभागीलाई शान्ति तथा आनन्दको अनुभुति गराएको पाइएको छ।

बौद्ध साहित्य तथा दर्शनको विकास क्रममा विभिन्न प्रकृतिका मानिस भिक्षु सङ्घमा प्रवेश गरेकाले पनि विवाद आएको पाइन्छ । सम्राट अशोकले भिक्षु सङ्घलाई एकीकरण गर्ने उद्देश्यले महास्थविर मोग्गली पुत्त तिस्सको अध्यक्षतामा पाटलिपुत्रमा तृतीय संगायन गरेको इतिहास पाइन्छ । यो संगायन बुद्धधर्मको इतिहासमा निकै महत्वपूर्ण भएको मानिन्छ । यस संगायनले पारित गरेका नियम अनुसार बुद्ध दर्शनको प्रचार–प्रसार गर्न भिक्षुहरूलाई विश्वका विभिन्न मुलुक पठाएपछि यो धमका रुपमा संसारभर फैलिएको हो।

सम्राट अशोकलाई बौद्धमार्गी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका भिक्षु मोगालीपुत्र तिष्य महास्थविरले पाटलीपुत्रमा लगभग ईसापूर्व २४९ अर्थात गौतम बुद्ध महापरिनिर्माण भएको २३६ वर्षमा सम्राट अशोकको समयमा तृतीय बौद्ध सङ्गायन सफलतापूर्वक सम्पन्न गरेका थिए।

मोगालीपुत्र तिष्यले धर्म र विनयमा राम्रो ज्ञान हासिल गरेका कारण उनको नेतृत्वमा करिब एक हजार भिक्षुले पाटलिपुत्रमा करिब नौ महिनाको समयावधिमा बौद्ध धर्मका तीनैवटा पिटकहरूको सङ्कलन गरिएको हो । उक्त सङ्गायन स्थविरवादीहरूको सङ्गायन थियो । अहिले आधिकारिक पाली त्रिपिटकको आधार यही सङ्गायनले तय गरेको थियो।

बुद्धको महापरिनिर्वाणपछि भिक्षु महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायन सम्पन्न गरिएको थियो । बुद्धका उपदेश संरक्षण गर्ने उद्देश्यले भएको उक्त संगायनमा सातसय अर्हत भिक्षुसहित ती उपदेश सङ्कलन गर्न थालियो । बुद्धले आफूले विभिन्न ठाउँमा दिएका उपदेश तीक्ष्ण स्मरणशक्ति भएका भिक्षु आनन्दलाई सुनाउने गरेका थिए।

प्रथम संगायनमा यिनै भिक्षु आनन्दले सुनाएका उपदेश भिक्षु सङ्घबाट अनुमोदन गरिएका थिए । ती उपदेश त्रिपिटकभित्रको 'सूत्र पिटक' मा सुरक्षित रहेको मानिन्छ । सङ्घमा बुद्धद्वारा निर्दिष्ट नीतिनियमलाई बौद्ध धर्मलाई कालजयी बनाउन नीतिनियमलाई भिक्षु सङ्घले सङ्ग्रह गरेको हो।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपप्राध्यापक इन्द्र काफ्लेका अनुसार बौद्ध दर्शनसम्बन्धी गम्भीर कुरा 'अभिधम्म पिटक' मा सङ्कलित छन् । 'अभिधम्म पिटक' को विषयवस्तु भिक्षु महाकाश्यपको रचना मानिन्छ । केही विद्वानले प्रथम संगायनपछि मात्रै यसको रचना भएको मानेका छन । त्यसैगरी वैशालीमा दोस्रो संगायन सम्पन्न गरिएपछि असन्तुष्ट पक्षलाई कारवाही गरिएको थियो।

उक्त कारवाहीमा परेकाले महासाङ्घिक भेला गरेर महायानी सम्प्रदायको विकास भएको पाइन्छ । तेस्रो सङ्गायनपछि श्रीलङ्का पुगेको त्रिपिटक नै हालको पालि त्रिपिटकको आधार बन्न पुग्यो । सम्राट् अशोकले आफ्नी अर्की छोरी चारूमतीलाई धर्मप्रचारका लागि नेपाल पठाएको इतिहास भेटिन्छ।

सम्राट अशोकले लुम्बिनी र कपिलवस्तु दुई स्थानमा अशोक स्तम्भ राखेको ठाउँ पहिचान भएको र कनकमुनि बुद्धको जन्मस्थल निगालिकोटमा प्रदेश सरकारले कनकमुनी बुद्धको प्रतिमा राख्ने योजना बनाएको जनाइएको छ । सम्राट अशोकले बौद्ध धर्म विकास तथा प्रचार प्रसारमा विशेष योगदान गरेको पाइन्छ।

तेस्रो बौद्ध सङ्गायनले बौद्ध धर्ममा देखिएका टुटफुट, विभाजन र अधार्मिक गतिविधिलाई अन्त्य गरी धार्मिक शुद्धता कायम गरिएको थियो । समयको विकास क्रमसँगै स्थविरवादभित्रै पनि सामान्य असमझदारी देखिन थालेपछि धर्मको नियम र विनयलाई कडाइका साथ पालना गरियो।

बौद्ध साहित्यको विकासक्रममा पहिलो संगायनदेखि छैठौसम्मका संगायन गौतमबुद्धका शिष्य, तथा अनुयायीबाट भएको पाइन्छ । 'त्रिपिटक' अन्तर्गत 'सूत्र पिटक' मा दीर्घ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुत्तर निकाय जस्ता विशाल ग्रन्थ छन् । यही पिटकअन्तर्गतको खुद्दक निकाय एउटै ग्रन्थ नभएर खुद्दकपाठ, धम्मपद, उदान, यतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देश, महानिद्देश र चुल्लनिद्देश, पटिसम्भिदामग्ग,अपदान, बुद्धवंश, चरिया पिटकजस्ता ठूला–साना ग्रन्थलाई एकीकृत गरिएको हुन्छन् । 'विनय पिटक' भित्र पाराजिकपालि, पाचित्तियपालि, महावग्गपालि, चुल्लवग्गपालि र परिवारपालि हुन्छन्। यस्तै, 'अभिधम्म पिटक' मा धम्मसङ्गिणिपालि, विभङ्गपालि, धातुकथापालि, पुग्गपञ्जत्ति, कथावत्थुपालि, यमकपालि, पठ्ठानपालि हुन्छन्।

समारोहमा सहभागी हुन काठमाडौंस्थित नयाँ बानेश्वरबाट आउनु भएका समाजसेवी तथा शिक्षक प्रदीप शाक्यले थेरवादी सम्प्रदायसँग सम्बन्धित त्रिपिटक पूरानो ग्रन्थ भएको बताउँदै महायानी सम्प्रदायले मौलिक संस्कृत भाषामा रहेका अन्य ग्रन्थलाई आधार मान्ने गरेको जानकारी दिए।

महायानीले 'कंग्यूर' र 'तेंग्यूर'लाई मूलग्रन्थ मानेका छन्। यसमा सूत्र र शास्त्रको वर्गीकरण गरिएको छ । बुद्धका उपदेशलाई सूत्र जसलाई कंग्यूर तथा सोही सूत्रको आधारमा विभिन्न विद्वानले गरेको व्याख्यालाई शास्त्रलाई तेंग्यूरका रुपमा ब्याख्या गरिएको छ। बौद्ध साहित्यमा 'त्रिपिटक' बाहेक अन्य ग्रन्थहरू पनि समावेश गरिएकाले सामान्य रुपमा मानिसलाई चार आर्य सत्य, पञ्चशील, अष्टशिलको अध्ययन जीवनउपयोगी हुन सक्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# जनतामैत्री वन्यजन्तु ऐन बनाउनुपर्ने सुझाव



**काठमाडौँ ।**
जनतामैत्री वन्यजन्तु ऐन बनाएर मानव–वन्यजन्तु द्वन्द्व अन्त्य गर्नुपर्ने सरोकार भएकाहरूले सुझाव दिएका छन् ।

राष्ट्रियसभाअन्तर्गत सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले बुधबार काठमाडौँमा आयोजना गरेको राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या समाधानका सम्बन्धमा भएको छलफलमा सरोकार भएकाहरूले जनतालाको हितलाई ध्यान दिएर ऐन परिमार्जन गर्नुपर्ने सुझाव दिएका हुन् ।

बागमती प्रदेशसभाका सांसद भारती पाठकले संरक्षणको नाममा 'बफर्जन' क्षेत्रका स्थानीय बासिन्दा समस्यामा परेका गुनासा बढिरहेको भन्दै जनताको समस्या समाधान गर्नका लागि ऐन संशोधनमा गर्नुपर्नेमा जोड दिइन् ।

'ऐन तथा नियमवाली बनाउँदा प्रदेश सरकारको पनि सुझाव समावेश गरिनुपर्छ', उनले भनिन्, 'निकुञ्जसम्बन्धी नयाँ एने बनाउनुको विकल्प छैन । कोर एरियालाई निकुञ्जको क्षेत्र छुट्याएर बफर्जन क्षेत्रलाई बाहिर निकाल्नुपर्छ ।' स्वदेशी काठको प्रयोग बढाउन सकेमा वनबाट आर्थिक समृद्धि हासिल हुने पाठकले बताइन् ।

विश्व वन्यजन्तु कोष नेपालका निर्देशक डा धनश्याम गुरुङले वन्यजन्तुको संरक्षणसँगै मानव–वन्यजन्तु द्वन्द्व कम गर्नेतर्फ सबैबीच सहकार्य र समन्वय आवश्य पर्ने बताए । उनले वन्यजन्तुको संरक्षण गरी संरक्षीत क्षेत्रलाई प्रयोग गरेर मुलुक धनी हुनसक्ने धारणा राखे ।

'वन्यजन्तुको शिकार क्षेत्र बढाउन सके पनि मुलुकले आर्थिक आयआर्जन बढाउन सकिन्छ', उनले भने, 'प्राकृतिक स्रोतको व्यवस्थापन र प्रयोग गर्न कानुनी व्यवस्था खुकुलो बनाउनुपर्छ ।'

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य–सचिव डा.नरेश सुवेदीले भएका नीति संरक्षणमुखीभन्दा पनि व्यवस्थापनमुखी भएमा राज्यले प्राकृतिक स्रोतबाट आर्थिक समृद्धि हासिल गर्न सक्ने बताए ।

'प्राकृतिक स्रोतको संरक्षण गर्नुपर्छ, तर उपभोग पनि हुनुपर्छ । प्राकृतिक स्रोत राज्यको आम्दानीको मुख्य स्रोत बन्न सक्छ', उनले भने, 'वन्यजन्तुको संरक्षण गर्नु पर्छ तर निश्चित स्थानका केही वन्यजन्तुलाई शिकारका लागि खुला गरेमा राज्यले प्राकृतिक स्रोतबाट राजश्व वृद्धि गर्न सक्छ ।' सुवेदीले खुला चिडियाखाना निर्माण गर्न सकेमा पर्यापर्यटनमा वृद्धि गर्न सकिने धारणा राखे ।

इसिमोडकी प्रतिनिधि एरिका दासले कार्बन व्यापारबाट आएको मुनाफा स्थनीय तहसम्म समान रूपमा वितरण गर्ने नीति बनाउनुपर्नेमा जोड दिइन् । वन क्षेत्रमा सडेर गइरहेका काठ व्यवस्थापन गर्नुपर्ने, मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन)का अध्यक्ष ठाकुर भण्डारीले नेपालमा बाघ प्रजनन केन्द्र बनाएर बाघ विदेशमा बेचेर पैसा कमाउन सकिने बताए । 'मानव–वन्यजन्तुबीचको द्वन्द्वले गर्दा समुदायका मानिस पीडित छन् । वन्यजन्तुले दुःख दिइरहेका छन् । अनि वन्यजन्तु पालेर मात्रै बस्ने रु वन्यजन्तु बढाउँ तर विदेशीलाई बेचेर आम्दानी गर्न सक्नुपर्छ', उनले भने,'जनतामैत्री निकुञ्ज बनाउनका लागि ऐन परिमार्जन गर्न आवश्यक छ ।'

अधिवक्ता दिलराज खनालले निकुञ्जभित्र परामपरागत चरिचरण, खानेपानी, बाटो, साँगसब्जी सङ्कलन गर्न, माछा मार्न सर्वसाधरणलाई रोक लगाउँदा निकुञ्ज आसपासमा बस्ने सर्वसाधरणलाई सहज भइरहेको भन्दै कानुनी व्यवस्था सुधार गरेर जनतामैत्री कानुन ल्याउनुपर्ने सुझाव दिए ।

सांसद नरबहादुर बिष्टले थप परामर्श गरेर प्रतिवेदन तयार गर्ने जानकारी दिए । सांसद सुमित्रा बिसीले कानुनको प्रभावकारी कार्यन्वयन गर्न आवश्यक रहेकामा जोड दिइन् । सांसद श्रीकृष्णप्रसाद अधिकारीले निकुञ्जलाई सुरक्षित गर्दै मध्यवर्ती क्षेत्रलाई खुकुलो बनाउँदै लैजाने सुझावका विषयमा छलफल गर्नुपर्ने बताए ।

सांसद मदन कुमारी शाह, रेणु चन्द, दमबहादुर परियार, रुक्मिणी कोइराला, गोमादेवी तिमल्सेनालगायतले मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न ऐन परिमार्जन गर्नुपर्ने, दिगो विकास र वातावरणबीच सन्तुलन हुनुपर्नेलगायत विषयमा आ–आफ्नो धारणा राखेका थिए ।रासस

# सभामुखद्धारा सुखानी सहिदका तस्बिर अंकित हुलाक टिकटमा टाँचा

**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले झापाको सुखानी घटनाका योद्धाहरूका तस्बिर अङ्कित हुलाक टिकटमा प्रथम दिवसीय टाँचा लगाएका छन् ।

झापाका किसानमाथिको शोषण र दमनका विरुद्ध विसं २०२८ मा युवा विद्यार्थीहरूले गरेको विद्रोहलाई तत्कालीन पञ्चायती शासकद्धारा दमन र धरपकड गर्ने क्रममा जेलमा राखिएकामध्ये पाँच युवालाई सुखानी जङ्गलमा हत्या गरिएको थियो ।

झापाको चन्द्रगढीस्थित जेलबाट इलाम लैजाने बहानामा विसं २०२९ फागुन २१ गते साँझ सुखानी जङ्गलमा रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायणप्रसाद श्रेष्ठलाई गोली हानी हत्या गरिएको थियो । उहाँहरूको बलिदानीप्रति नेपालको कम्युनिष्ट आन्दोलनमा उच्च आदरसहित सम्मान गरिँदै आइएको छ ।

संघीय सरकारले उहाँहरूलाई विसं २०७२ फागुन १९ गते सहिद घोषणा गरेको थियो । यसअघि विसं २०४६ को जनआन्दोलनपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित उच्चस्तरीय राजनीतिक पीडित सहायता समितिले उनीहरुका परिवारलाई राहत उपलब्ध गराएको थियो । सुखानी सहिदहरूको तस्बिर अङ्कित हुलाक टिकटको मूल्य रु १० तोकिएको छ ।



हुलाक सेवा विभागद्धारा आज यहाँ आयोजित कार्यक्रममा सभामुख घिमिरेले नेपाली जनताको स्वतन्त्रता, समानता र हकअधिकारका लागि आवाज उठाउँदा सुखानीको जङ्गलमा हत्या गरिएकालाई राष्ट्रिय सहिद घोषणा गर्दै हुलाक टिकट प्रकाशनमा ल्याउनु महत्वपूर्ण कार्य भएको बताए ।

उनले भने,'मानिस स्वतन्त्र भएर बाँच्न राजनीतिक हक अधिकार, प्रजातन्त्र, लोकतान्त्र र गणतन्त्र चाहिन्छ भनी देशहित र जनताको मुक्तिका लागि जीवन अर्पण गर्ने सहिदका नाममा हुलाक टिकट प्रकाशन हुनु भनेको उहाँप्रतिको सम्मान हो ।'

सभामुख घिमिरेले सहिदको बलिदानीको जगमा राजनीतिक उद्देश्यमा मुलुकले एउटा सफलता प्राप्त गरे पनि समाजलाई उपलब्ध गराइनुपर्ने सुविधा र शासन प्रणाली स्वस्थ ढङ्गबाट अघि जानुपर्नेमा अनेक चुनौती देखा परिरहेका बताए ।

उनले भने,'सहिदका अधुरा सपनालाई साकार गर्न वर्तमान सरकारले पीडितका पक्षमा काम गर्न सकोस् । सहिदले राष्ट्र र जनताको हितका लागि गरेको योगदानबारे जानकारी गराउन हुलाक टिकट प्रकाशन ऐतिहासिक कदम रहनेछ ।'

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव गजेन्द्र ठाकुरले हुलाक टिकटमा समेटिएका विषयवस्तुले भौगोलिक, जातीय र सांस्कृतिक पृष्ठभूमिलाई युगौँयुगसम्म अध्ययन र अनुसन्धान गर्न महत्वपूर्ण योगदान दिने धारणा राखे । उनले भने, 'झापाको सुखानीमा साहद प्राप्त गर्नुहुने अमर सहिदको वीरताको गाथालाई हुलाक टिकट प्रकाशन भएबाट सदासर्वदा स्मरण गराउनेछ ।'

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई (पङ्नेनी)ले हुलाक टिकटमा समेटिएका ऐतिहासिक धरोहर, सम्पदा, प्रकृति, संस्कृति, पुरातात्विक सम्पत्ति र इतिहासका विभिन्न कालखण्डमा राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिने व्यक्ति र व्यक्तित्वको पहिचान स्थापित हुने धारणा व्यक्त गरे ।

नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष केदार प्रधानले हुलाक टिकटमा अङ्कित तस्बिरले सहिदको योगदानको देश–विदेशमा समेत पहिचान र स्मरण भइरहने विचार प्रकट गरे ।

सुखानी सहिद स्मृति प्रतिष्ठानका सदस्य गेहनाथ पौडेलले तत्कालीन पार्टीको निर्णयअनुरुप किसान र मोहीका हकहितका लागि निस्किएका झापाका युवा विद्रोह नै हालको लोकतन्त्र प्राप्तिको जग भएको भनाइ राखे । कार्यक्रममा सहिदद्वय दाहालपत्नी विश्वेश्वरा र घिमिरे पत्नी जीवनलाई सम्मान गरिएको थियो ।रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रमुख सचेतक ज्ञानबहादुर शाहीले रंगशाला यही फागुन १९ गते प्रधानमन्त्री कपको फाइनल प्रतियोगितामा दर्शकमाथि भएको आक्रमणको निन्दा गर्दै दोषीलाई कानुनी दायरामा ल्याउन माग गरे ।

प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा उनले संविधानले कुनै पनि नागरिकलाई कुट्न पाउने अधिकार नदिएको भन्दै सार्वजनिक कार्यक्रममा नागरिक कुट्नेलाई कारबाही गरी विधिको शासन कायम गर्न आग्रह गरे ।



प्रमुख सचेतक शाहीले नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई तत्काल हटाउन नहुने धारणा राख्दै घाटामा रहेको प्राधिकरणलाई फाइदामा लगेर उज्यालो नेपालको अभियान्ता बनेका उनलाई नहटाउन सरकार समक्ष माग गरे ।

सांसद सर्वेन्द्रनाथ शुक्लले यही फागुन १६ गते रुपन्देहीको मायादेवीद्री डङ्चाहवा भन्ने स्थानमा दीपक लोध नामको व्यक्तिले राजु लोदलाई गोलीहानी हत्या गरेको घटनाको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन माग गरे । उनले करिब २२ महिनाअघि सोही स्थानमा अर्को कर्तव्य जानसम्बन्धी मुद्दामा मृतकको आमाले प्रहरीमा जाहेरी दिन गएको बेला उल्टै यातना दिएको भन्ने घटनाको अहिलेसम्म अनुसन्धान हुननसकेको भन्दै यस्ता घटनाको सत्यतथ्य छानबिन गर्न आग्रह गरे ।

सांसद प्रभु साहले रौतहटमा एक दलित वृद्ध गङ्गाराम बैठालाई बिनाकारण धुनामा राखेको र निजको परिवार धर्नामा रहेको जनाउँदै घटनाबारे यथार्थ जानकारी बाहिर ल्याउन माग गरे । उनले रौतहटको राईस मिलको संरक्षण गर्न पनि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद वासुदेव घिमिरेले यही फागुन ४ गते धुलिखेल अस्पतालमा चिकित्सा शास्त्रतर्फ स्नातकोत्तर तह (एमडी) मनोचिकित्सा विभागमा अध्ययनरत रुपन्देही तिलोत्तमा–८ निवासी रचना पाण्डेले कलेजमा भएको यातना सहन नसकी आत्महत्याको प्रयास गरेको विषय संसद्मा जानकारी गराए । विद्यार्थी पाण्डेले यातना सहन नसकेर आत्महत्याको प्रयास गरेकामा उपचारपछि उनी सकुशल रहे पनि घरमा विछिप्त अवस्थामा रहेकी भन्दै उक्त लापरबाही र घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद ध्रुवबहादुर प्रधानले यही फागुन १३ गते पश्चिम नवलपरासीमा एउटा जीपले जम्मा भएको भीडलाई एक्कासि कुल्चिएर घाइते बनाएको घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानार्कषण गराए । धोबी केटा र मुस्लिम केटीको विवाहको सन्दर्भमा यो घटना भएको उनको दाबी छ ।

सांसद मनिष झाले उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाट अवकाश प्राप्त एक सय तीन कर्मचारीलाई तत्काल बाँकी रहेको सेवासुविधा उपलब्ध गराउन सरकारको ध्यानार्कषण गराए । उनले अवकाशको तीन वर्षसम्म पनि कर्मचारीले कुनै सुविधा रकम उपलब्ध नभएको भन्दै तत्काल पाउनुपर्ने सुविधा उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानार्कषण गराए ।

'सिमेन्ट उद्योगमा आफ्नो जीवनको ३५ वर्ष दिएकाहरूले अब के दिन बाँकी छ यो सरकारलाई अनि उनीहरूले पैसा पाउँछन् ?,' उनले प्रश्न गरे । सांसद झाले सार्वजनिक संस्थानमा राजनीतिक नियुक्तिले प्रभाव पारिरहेको बताउँदै नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई सरकारले हतोत्साहित गर्न नहुने धारणा राखे ।

सांसद ठाकुरप्रसाद गैरेले आन्दोलनरत वन उपभोक्ता महासङ्घको माग सम्बोधनका लागि ध्यानार्कषण गराए । उनले वन पैदावरको प्रयोग सही ढङ्गले गर्न सक्दा आयातलाई घटाएर निर्यात गर्ने क्षमता देशसँग भएको उल्लेख गर्दै आन्दोलनलाई वार्तामार्फत निकास खोज्न आग्रह गरे । सांसद गैरेले शिक्षक महासङ्घले विगतमा सरकारसँग गरेको सम्झौताको कार्यान्वयन गर्न समेत माग गरे ।

'लुम्बिनी प्रदेशको राजधानीमा जारी आन्दोलनमा वार्ताको प्रारम्भ भएको छ । प्रदेशस्तरबाट समाधान हुने विषयदेखि राष्ट्रियस्तरमा उठेका र उठ्न खोजेका विषयलाई तत्काल समाधान र सम्बोधन गर्नुपर्छ,' सांसद गैरेले भने ।रासस

# हामीले बुलेटबाट होइन, ब्यालेटबाट शान्ति ल्याएका हौँः सञ्चारमन्त्री

**काठमाडौँ ।**
सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपाली जनताले सामान्तवाद र राजतन्त्र 'बुलेट'बाट नभई 'ब्यालेट'बाट पराजित गरी देशमा शान्तिपूर्ण ढङ्गले राजनीतिक परिवर्तन गरको बताएका छन् ।

यदु स्मृति प्रतिष्ठानले बुधबार काठमाडाँैमा आयोजना गरेको २६ औँ यदु स्मृति दिवसको कार्यक्रममा बोल्दै सञ्चारमन्त्री गुरुङले नेकपा माओवादीले भन्दै आएको जनयुद्ध हिंसात्मक भएकाले गलत भएको टीप्पणी गरे ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले माओवादीले रुकुम–रोल्पाबाट थालेको हिंसात्मक गतिविधिको छाप अझै पनि मुलुकमा रहेकाले त्यसबाट देशलाई मुक्ति दिलाउने दायित्व हामी सबैको हो भने ।

नेपालमा शान्तिपूर्ण क्रान्तिमा नेकपा एमाले र नेपाली कांग्रेसले महत्पूर्ण भूमिका खेल्दै आएको उदाहरण दिँदै उनले भने,'हामीले मत खसालेर राजा फालेको इतिहास छ । माओवादीले हिंसात्मक बाटो रोजे, जसले मुलुकको विकासमा २५ वर्ष पर धकेलिएको छ ।'

हिंसात्मक गतिविधि सञ्चालन गरेको विषयलाई माओवादीले आत्मसाथ गर्नुपर्ने धारणा व्यक्त गरे । उनले पछिल्लो समय हिंसाको अर्को आवरणको रुपमा सामाजिक सञ्जालको गलत प्रयोग भइ समाजमा विकृति र विसङ्गति मौलाएको भनी चिन्ता व्यक्त गरे ।

सामाजिक सञ्जालको प्रयोग गरी भइरहेको हिंसात्मक गतिविधि रोकथाम गर्नु राज्यको दायित्व भएकाले धार्मिक सहिष्णुता, जातीय एकता, सामाजिक सद्भाव कायम गर्न सामाजिक सञ्जाल नियमनसम्बन्धी कानुन बनाउन लागेको उनले स्पष्ट गरे ।

मन्त्री गुरुङका अनुसार सामाजिक सञ्जाललाई दुरुपयोग गरेर कुनै व्यक्ति, जाति, सम्प्रदाय, धर्म, संस्कृति र भाषामाथि गरिने हिंसात्मक अभिव्यक्ति रोकथाम गर्न सरकारले सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक ल्याउन लागेको हो । लोकतान्त्रिक विधि, मूल्यमान्यताको उपज भएकाले अभिव्यक्ति एवं प्रेस स्वतन्त्रताको सदैव सम्मान गर्ने अहिलेको सरकार अराजकता र अस्थिरताको विरुद्ध रहेको स्पष्ट गरे ।

नेकपा एमालेका पोलिटब्युरो सदस्य एवं प्रतिनिधिसभा सदस्य सूर्य थापाले जनयुद्धका नाममा नेकपा माओवादीले हिंसात्मक बाटो रोज्दा धनजनको ठूलो क्षति भई मुलुक पछि परेको दृष्टान्त प्रस्तुत गर्दै माओवादी आन्दोलनलाई इतिहासले माफी नदिने धारणा व्यक्त गरे ।

एमाले पोलिटब्युरो सदस्य खेममान खड्काले यदु गौतमको राजनीतिक जीवनशैली, योगदान र क्षमतामाथि चर्चा गर्दै एक साहसिक, जनप्रिय एवं स्थापित नेताका रुपमा स्वर्गीय गौतम आमा जनताबीच चिनिने धारणा व्यक्त गरे ।

वरिष्ठ पत्रकार दिलभूषण पाठकले पत्रकारिताको धर्म सत्यतथ्य र निष्पक्ष हुनुपर्नेमा पछिल्लो समय हाम्रो पत्रकारिता हल्लाको पछाडि दौडिन थालेको भनी चिन्ता व्यक्त गरे ।

सो अवसरमा वरिष्ठ पत्रकार पाठकलाई यदु स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो ।रासस

# राष्ट्रिय राजमार्ग निर्माणका गतिरोध हटाएर धमाधम काम जारी छः देवेन्द्र दाहाल

*काठमाडौँ।*
*भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाल राष्ट्रियसभाको सदस्य पनि हुन् । विसं २०१५ भदौ १६ गते ताप्लेजुङमा जन्मिएका मन्त्री दाहाल हाल दमक नगरपालिका–५ को स्थायी बसोबासी हुन् । नेपाल कम्युनिष्टि पार्टी (एमाले)बाट मन्त्री बनेका दाहाल पार्टीको पोलिटब्यूरो सदस्य हुन् । उनले पञ्चायती व्यवस्थाविरुद्ध विसं २०३६ मा शुरु भएको विद्यार्थी आन्दोलनबाट राजनीतिक यात्रा शुरु गरेका थिए ।*
*लामो समय झापा जिल्लाको राजनीतिमा रहेर विभिन्न तहको जिम्मेवारी पूरा गरेका मन्त्री दाहाल सङ्गठन सञ्चालन काम गर्ने क्रममा २०४५ सालदेखि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले)को झापा जिल्ला कमिटीमा आबद्ध भएका थिए । विसं २०७६ मा भएको राष्ट्रियसभाको निर्वाचनबाट सदस्य पदमा निर्वाचित भएका थिए । मन्त्री दाहालसँग सांसद हुँदाको अनुभव, सङ्घीय संसद्का गतिविधि, सरकारले गरेका गतिविधि, संविधान संशोधन, संविधान कार्यान्वयन र मुलुकको समसामयिक विषयमा राससका समाचारदाता सुशील दर्नालले गरेको कुराकानीको सम्पादित अंश ।*



**राष्ट्रियसभामा पाँच वर्ष रहँदै गर्दाको अनुभव कस्तो रह्यो ?**

राष्ट्रियसभाको सदस्य भएको पाँच वर्ष भयो । यो अवधिमा खासगरी संविधानको मर्मअनुरुप कानुन निर्माण प्रक्रियामा बढी सक्रिय भएर काम गरियो । विकासको विषयमा पनि संसद्मा विषयहरू उठाएको छु । त्यसैगरी जनताका समसामयिक विषयमा संसदमार्फत सरकारको ध्यानाकर्षण गराउने काम गरियो । जनताका आवाजलाई संसद्मा उठाउने काम गरियो । विधायन व्यवस्थापन समितिमा बसेर काम गर्ने मौका पनि मिल्यो ।

**संविधान जारी भएको करिब दश वर्ष भएको छ, संविधान कार्यान्वयनको अवस्थालाई तपाईँले कसरी हेर्नुभएको छ ?**

संविधान कार्यान्वयनलाई हेर्दा संविधानअनुसारका धैरै कानुन बन्न बाँकी नै छन् । अहिले पनि २०१२ साल, २०१८ सालका कानुन छन् । पञ्चायतभन्दा पनि पहिलेका कानुन पनि छन् । त्यसको सट्टामा नयाँ कानुन निर्माण गर्नुपर्ने खाँचो छ, तर हुनसकेको छैन । संविधान कार्यान्वयन नै भएन भन्ने होइन, कार्यान्वयन भएको छ । तर यो दश वर्षको अवधिमा संविधानले परिलक्षित गरेअनुरुप जुन गतिमा कानुन बन्नुपर्ने हो त्यो हुनसकेको छैन । त्यसकारण संविधान कार्यान्वयनको सन्दर्भमा हामी पछाडि नै परेका छौँ । कानुन निर्माणमा तीव्रता दिनुपर्ने जरुरी छ ।

**पछिल्लो समयमा संविधान संशोधनको विषय उठिरहेको छ नि ?**

संविधान भनेको संशोधन गर्न नमिल्ने विषय होइन । समयअनुसार संशोधन गर्दै लैजानुपर्छ । संविधान संशोधन नहुँदा कतिपय अवस्थामा काम गर्न पनि समस्या भइरहेको अवस्थामा संशोधन गर्नुपर्छ । संशोधनको बारेमा चर्चा चलेको भनेको निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्छ भन्ने हो । यो निर्वाचन प्रणाली अलि खर्चालु पनि भयो भनेर संशोधनको विषय उठिरहेको छ ।

अर्को कुरा यो संवैधानिक व्यवस्थाले गर्दा कुनै पनि राजनीतिक पार्टीको बहुमत आउने देखिँदैन । बरु प्रत्यक्ष निर्वाचित प्रणालीलाई बढाएर समानुपातिकको बारेमा विचार गर्नुपर्छ । समानुपातिक प्रणालीबाट विभिन्न जातजाति वा उत्पीडित समुदायको प्रतिनिधित्वलाई प्रत्यक्ष निर्वाचित प्रणालीबाट पनि समेट्न सकिन्छ ।

**सङ्घीयताबारे पनि विभिन्न कोणबाट बहसहरू भइरहेको छ । सङ्घीयता सुदृढीकरणको लागि तपाईँको सुझाव के छ ?**




सङ्घीयता अतिकति महँगो भयो । मेरो विचारमा स्थानीय तहलाई अलि बढी अधिकार दिनुपर्छ । त्यसको मतलव स्थानीय सरकारलाई अधिकार दिइएको छैन भन्ने होइन ।

तर दिइरहेको अधिकारलाई अलि बढाउनुपर्छ भन्ने हो । बजेट पनि स्थानीय सरकारमा बढी केन्द्रित गर्नुपर्छ । प्रदेशले गर्ने काममा त्यति धेरै फरक परेको छैन । प्रदेशले के नयाँ काम गरेको छ त ? भन्ने कुराहरू पनि उठिरहेको छ । प्रदेश सरकार हुनुपर्छ । तीन तहको संरचना आवश्यक पनि छ । तर त्यसका बारेमा केही विषय सच्याएर, परिमार्जन गरेर जानुपर्छ ।

**सुशासनको लागि के गर्न सकिन्छ होला ? सरकारले सुशासनको लागि के गरिरहेको छ ?**

सुशासनका लागि सबैले कानुनअनुसारको काम गर्नुपर्छ । मुख्य कुरा जनतालाई समयमै सेवा दिनुपर्छ । जनतालाई दुःख दिने वा आलटाल गर्ने गरी काम गर्नु भएन । जनतालाई छिटोछरितो तरिकाले सेवा दिनुपर्छ । सरकारी काममा विभिन्न ठाउँमा फाइल अड्काउने काम गर्नु भएन । जनताको पक्षमा काम हुनुपर्छ ।

जुन काम अहिलेको सरकारले गरिरहेको छ । सरकारले पारदर्शी ढङ्गबाट काम गरिरहेको छ । सुशासन कायम गर्न सरकारले काम गर्न सकेन भन्ने विपक्षी दलहरूको भनाइमा कुनै सत्यता छैन । त्यही भएर सरकारले सुशासनलाई अझ प्रवद्र्धन गर्नेगरी अध्यादेश पनि जारी गरेर संसद्मा ल्याएको छ । अध्यादेश स्वीकृत भएपछि सुशासन र विकासका सन्दर्भमा थप कार्य गर्न सकिने विश्वास छ ।

**अहिले धेरै युवा विदेश पलायन भइरहेका छन् । उनीहरूलाई देशभित्रै रोक्नका लागि सरकारले के गर्नुपर्छ ?**

नेपाली युवाको विदेश पलायन रोक्नका लागि देशभित्रै रोजगारी सृजना गर्नुपर्छ र यस काममा सरकारले ध्यान दिइरहेको छ । शिक्षा प्रणालीमा पनि सुधार जरुरी छ । खासगरी रोजगारमूलक शिक्षाका लागि हामीले काम गरिरहेका छौँ । सरकारले उत्पादनलाई बढावा दिनेगरी काम गरिरहेको छ । अहिलेको कृषि प्रणाली साँझबिहान हातमुख जोर्नेतर्फ मात्र केन्द्रित छ ।

सरकारले कृषिलाई उद्योगसँग जोड्दै लैजाने नीति लिएको छ । कृषिलाई उत्पादनसँग जोड्ने काम पनि भइरहेको छ । सरकारले सानासाना उद्योगलाई प्राथमिकता दिएको छ । युवा पलायन एकैचोटि रोकिन्छ भन्ने होइन, सरकारले रोजगारी सृजना गरेर युवा पलायन रोक्ने गरी काम गरेको छ । युवा पलायन विस्तारै रोकिन्छ ।

**देशको परिवर्तनका लागि सङ्घर्ष गरेर आएका नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)लगायत मधेसवादी दलहरू विकासका लागि एकीकृत हुँदै एकै ठाउँमा उभिनुपर्ने हो । तर दलहरु सरकार बनाउने र ढाल्ने खेलमा मात्र लागेजस्तो देखिन्छ । एकले अर्कालाई आरोप–प्रत्यारोप मात्रै गरेको देखिन्छ, यो बारेमा तपाईँको धारणा के छ ?**

नेपालको सन्दर्भमा निर्वाचनबाट कुनै पनि राजनीतिक दलले बहुमत ल्याएन भने दलहरू मिलेर सरकार बनाउने बाध्यात्मक अवस्था छ ।

अहिले देशका दुई ठूला दल कांग्रेस र एमाले मिलेर सरकार बनेको छ । त्यो भनेको बाध्यात्मक अवस्था हो । यस्तो अवस्थामा बनेको सरकारलाई सफल बनाउन लाग्नुपर्ने हो । तर त्यस्तो गरेको देखिँदैन । सरकारले गरेका राम्रा कामको समर्थन गर्नुपर्ने हो ।

प्रतिपक्ष दलको आफ्नो भूमिका होला । तर सरकारले गरेका राम्रा कामको पनि विरोध नै गर्नुपर्छ भन्ने हुँदैन । आरोप–प्रत्यारोप गर्नुपर्ने, सरकार आजै ढल्छ, भोलि नै ढल्छ भनेर गलत प्रचार गर्नुपर्ने कुनै कारण छैन । प्रतिपक्ष दलले धैर्यपूर्वक साथमा बस्न सक्नुपर्छ । जे कुरा राख्नुपर्ने हो, त्यो कुरा संसद्मै राखे भइहाल्यो नि । बाहिर किन तथानाम सरकारलाई गाली गर्दै हिड्नुपर्यो ? प्रतिपक्षले निर्वाह गर्नुपर्ने जुन धर्म हो, त्यो नै ननिभाएको पाइन्छ । हामीले सरकार निर्माण गरियो ।

प्रतिपक्षलाई कुनै आरोप लगाएका पनि छैनौँ र आरोप लगाउनुपर्ने कुनै कारण पनि छैन । सरकारले कसैलाई आरोप लगाउनेभन्दा पनि काममा ध्यान दिइरहेको छ ।

**तपाईं मन्त्री हुँदै गर्दा अब तपाईंको योजना के छ ?**

अबका दिनमा पनि मेरो भूमिका भनेको जनतालाई सुशासन दिलाउन प्रयास गर्ने नै हो । जुन अहिले पनि सरकारले दिइरहेको छ । अर्को, विकास निर्माणका कामलाई सरकारले तीव्रता दिएको छ । कानुन निर्माण प्रक्रियामा सक्रियता बढाउने मेरो भूमिका हुन्छ । खासगरी यातायात र पूर्वाधार विकासको क्षेत्रमा सरकारले तीव्रताका साथ काम गरिरहेको छ । राष्ट्रिय महत्वका मुङलिन–पोखरा, नारायणगढ–बुटबल समेतका राष्ट्रिय राजमार्गहरूको निर्माणमा भइरहेको ढिलासुस्ती वा अवरोधलाई हटाएर अहिले धमाधम काम भइरहेको छ र यसका नतिजा चाँडै देखिने अवस्था सृजना भएको छ । बिपी राजमार्ग अस्थायी रूपमा खुलेको छ, तर स्रोतको सुनिश्चितता गरी पुनर्निर्माणको काम सरकारले जतिसक्दो चाँडो सुरु गर्दैछ ।



रेलको प्रतिक्षामा यात्रु: *जनकपुरको रेल स्टेशनमा रेलको प्रतिक्षामा बसेका यात्रु । तस्बिरः धर्मेन्द्र झा/रासस*

# वन्यजन्तुको आक्रमणमा छ महिनामा दश जनाको मृत्यु




**मधेशदृष्टि**
**वीरगंज ।**
वन्यजन्तुको आक्रमणमा चालु आर्थिक वर्षमा १० जनाको मृत्यु भएको छ । गत साउन यता चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा गैंडा, हात्ती र बाघको आक्रमणबाट उनीहरूको मृत्यु भएको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार गैँडाको आक्रमणबाट आठ जना, हात्ती र बाघको आक्रमणबाट एक–एक जनाको मृत्यु भएको हो । यस आर्थिक वर्षमा जंगली जनावरका कारण १४ जना घाइते भएका छन् । गैँडाको आक्रमणबाट १२ जना, हात्तीको आक्रमणबाट दुई जना घाइते भएका छन् । निकुञ्जले मृतकका परिवारलाई १० लाख रुपैयाँ र घाइतेको उपचारका लागि दुई लाख रुपैयाँसम्म सरकारी अस्पतालको उपचार खर्च व्यहोर्ने गरेको छ । हालसम्म ९४ लाख ६१ हजार नौ सय ३१ रुपैयाँ राहतस्वरुप प्रदान गरिएको उनले बताए । राहतस्वरुप प्रदान गरिएको रकम अन्नबाली र घर टहरामा समेत उपयोग भएको छ ।

मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण हुन नसक्दा बर्सेनि जंगली जनावरको आक्रमणका कारण अकालमा मृत्यु वरण गरेको उनले बताए । उनले भने, ‘निकुञ्जभित्र वन्यजन्तुको वासस्थानलाई व्यवस्थित र प्रभावकारी बनाउन सकेमा मात्र मानव– वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्न सकिन्छ ।’ अहिले निकुञ्जले यस क्षेत्रमा घाँसे मैदान व्यवस्थापन, पानी (ताल, तलैया एवम् पोखरी) व्यवस्थापन लगायत क्षेत्रमा काम गरिरहेको उनले बताए । निकुञ्ज र मध्यवर्ती क्षेत्रमा अनधिकृत रूपमा प्रवेश गर्दा पनि यस्ता घटना हुने गरेका छन् । घाँस दाउरा काट्न, माछा मार्न, निगुरो टिप्न ती क्षेत्र प्रवेश गर्दा जनावाले आक्रमण गर्ने गरेको पाइएको छ । निकुञ्जले मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि मेस जाली भर्ने, तारबार लगाउने, विद्युतीय तारबार गर्ने, पक्की पर्खाल लगाउने र वन्यजन्तु बस्ती पस्दा उद्धार र व्यवस्थापनलगायत काम गरिरहेको जनाएको छ ।

# सखुवा प्रसौनी गाउँपालिकाको १४ औं गाउँसभा सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको सखुवा प्रसौनी गाउँपालिकाले १४ औं गाउँसभा सम्पन्न गरेको छ । कार्यक्रम गाउँपालिका अध्यक्ष जसवन्त यादवको अध्यक्षतामा सम्पन्न भएको हो । सभामा प्रमुख प्रशासकीय अधिकृत रामबाबु कुशवाह, उपाध्यक्ष शर्मिला बिष्ट महतो, छ वटै वडाका अध्यक्षहरू, वडा सदस्यहरू, महिला प्रतिनिधिहरू, स्थानीय जनप्रतिनिधिहरू तथा सरोकारवाला निकायहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

गाउँसभाको उद्घाटन गर्दै अध्यक्ष यादवले स्थानीय विकासलाई तीव्रता दिन चालु आर्थिक वर्षका लागि तय गरिएका योजनाहरू प्रस्तुत गरे । उनले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी प्रवद्र्धन, महिला सशक्तीकरण, वातावरणीय संरक्षण तथा सूचना प्रविधिको प्रवद्र्धनलाई प्राथमिकता दिइने बताए। साथै, समृद्ध र आत्मनिर्भर गाउँपालिका निर्माणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेकोमा उनले विशेष जोड दिए । सभामा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, बजेट, विकास निर्माण योजना, सामाजिक सुरक्षा कार्यक्रम, कृषि अनुदान लगायतका महत्वपूर्ण निर्णयहरू पारित गरियो । विभिन्न वडाबाट उठाइएका जनचासोका विषयमा गहन छलफल गर्दै स्थानीय आवश्यकता अनुरूप नीति निर्माण गरिने निर्णय गरिएको छ ।

गाउँपालिकाको उपाध्यक्ष शर्मिला बिष्ट महतोले विशेषगरी महिला सशक्तीकरण, स्वास्थ्य र बालविकासका कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउन नयाँ योजनाहरू ल्याउनुपर्ने आवश्यकता औंल्याइन् । वडा अध्यक्षहरू तथा अन्य जनप्रतिनिधिहरूले आ–आफ्ना वडाका समस्याहरू राख्दै ती समस्याको समाधानका उपायहरू प्रस्तुत गरे । गाउँसभामा स्थानीय पूर्वाधार विकासका योजनाहरू, कृषक अनुदान, युवा स्वरोजगार कार्यक्रम, शिक्षा तथा स्वास्थ्य सेवाको सुधार तथा डिजिटल प्रविधिको प्रभावकारी प्रयोगका विषयमा व्यापक छलफल भएको थियो । स्थानीय बासिन्दाहरूले विकास निर्माणका कार्यहरूमा अझ पारदर्शिता र प्रभावकारिता आवश्यक रहेको सुझाव दिँदै गाउँपालिकासँग आफ्ना मागहरू राखे । गाउँसभा सफलतापूर्वक सम्पन्न भएपछि सहभागीहरूले स्थानीय विकासका लागि यस्ता सभा अपरिहार्य हुने बताउँदै सकारात्मक प्रतिक्रिया जनाए । अध्यक्ष यादवले गाउँपालिकाको समृद्धिका लागि सबै पक्षहरूको सहकार्य अनिवार्य रहेको उल्लेख गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रमहरू ल्याइने प्रतिबद्धता व्यक्त गरे ।

# उपभोक्तामा जाने निर्णयले छाडापनः मन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले विकासका कार्य टेन्डर भन्दा पनि उपभोक्तामा जाने निर्णय गरिँदा छाडापन बढेको बताएका छन् । उनले कहिँ कतै कमिसनको कुरा नआएको बताउदै योजना नपाए योजना बिक्री भयो भनेर प्रचारवाजी हुने गरिएको बताए ।

नेकपा एमालेको संसदीय दलको बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै केही मिडिया आफूसँग विज्ञापन माग्ने र नदिए नेकपा एमालेले सम्हालेका मन्त्रालयविरुद्ध लेख्ने गरेको गरेको भन्दै उनले केही मिडियाका नामै लिएर विज्ञापन माग्ने र नदिएपछि आधारहीन समाचार छाप्ने गरिएको दाबी गरे ।

उनले संसदीय बैठकमा सरकारलाई अझ जिम्मेवार र गतिशील बनाउने विषयमा छलफल भएको बताए । उनले आफ्नो भागमा परेका मन्त्रालयको कामलाई गतिशील बनाउने र देखिएको संवादहीनता अन्त्यका विषयमा समेत छलफल भएको जानकारी दिए ।

# स्रोत नखुलेको रकमसहित दुई जना पक्राउ



**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको सदरमुकाम मलङ्गवाबाट स्रोत नखुलेको रकम सहित गुप्ता दाजुभाइ पक्राउ परेका छन् ।

गोडैता नगरपालिका–५, रामवनका ३८ वर्षीय मनोजकुमार गुप्ता र उनका भाइ ३५ वर्षका भगवान गुप्तालाई स्रोत नखुलेको रकमसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । गुप्ता दाजुभाइको साथबाट सात लाख २८ हजार ९०० रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

सर्लाहीका प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहका अनुसार बीआर ३० एन २२३० नम्वरको मोटरसाइकलमा भारत तर्फबाट आउँदै गरेका गुप्ता दाजुभाइलाई मलङ्गवा नगरपालिका–८, स्थित गोरखकाली प्रहरी चौकी अगाडिबाट पक्राउ गरिएको हो । सिंहका अनुसार गुप्ता दाजुभाइको साथबाट विभिन्न बैङ्कका १७ वटा एटिएम कार्डसमेत फेला परेको छ । बरामद भएको रकम हुण्डी कारोवारमा प्रयोग भएको हुनसक्ने प्रहरीको आशङ्का छ ।

# मजदुर र किसानका लागि अझै क्रियाशील हुन्छुः बिजुक्छे

**भक्तपुर ।**
नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले पार्टीका नेता कार्यकर्ताले पार्टी सम्हाल्ने जिम्मेवारी पुनः आफूलाई दिएको बताएका छन् ।

पार्टीका नवनिर्वाचित अध्यक्ष बिजुक्छेले सङ्क्षिप्त कुराकानी गर्दै पार्टीको नीति तथा कार्यक्रमलाई देशभर लगी सङ्गठन विस्तार गर्न ध्यान केन्द्रित गर्ने बताए । उनले मजदुर र किसानलाई प्राथमिकता दिँदै देश र जनताका पक्षमा अझै क्रियाशील हुने प्रतिबद्धता व्यक्त गरे ।

अध्यक्ष बिजुक्छेले भने, ‘साथीहरूले मलाई पार्टी सम्हाल्ने जिम्मेवारी पुनः दिनुभएको छ । नयाँनयाँ साथीलाई अरु ठाउँमा जिम्मेवारी दिने र तपाईं पार्टी सम्हाल्ने भनेर फेरि मलाई जिम्मेवारी दिनुभयो ।

विसं २०१४ देखि राजनीतिमा लागेँ । जहिलेसम्म सक्छु त्यतिबेलासम्म निःस्वार्थभावले देश र जनताका पक्षमा समर्पित भएर सेवा गर्नेछु ।’ संसदीय राजनीति त्याग गर्नुभयो, पार्टी अध्यक्ष चाँहि फेरि किन भन्ने जिज्ञासामा उनले भने, ‘२५ वर्ष संसदीय राजनीति गरेँ, वीरक्तिएर आयो ।



संसद् गाली गर्ने थलोमा परिणत भयो, विज्ञता कम छ, मन्त्री हुनेहरुको दूरदृष्टि छैन, भ्रष्टाचार बढ्दो छ । पार्टीका नेताहरु नै सडकमा कार्यकर्तालाई टायर बाल्न लगाउँछन् । संसद् ऐन, नीति–नियम बनाउने थलो हो, कयौँ वर्ष ऐन–नियम निर्माण अड्किन्छ, संसद् कोष बनाएर दुरुपयोग हुन्छ, अनि वीरक्त लागेर आउँछ ।’

पैसा बाँडेर गरिने राजनीतिले देशको भलो नहुने भन्दै उनले सबै नेताले गम्भीर भएर देश र जनताको हितको लागि निःस्वार्थ भावनाले काम गरे देश बन्न समय नलाग्ने बताए । नवनिर्वाचित अध्यक्ष बिजुक्छेले नेता भएर आफ्नो परिवार र नातागोताको भविष्य मात्र हेर्ने होइन, देश र जनताको भविष्य हेर्ने हो भन्दै देश बने जनता र परिवार पनि बन्दछ भन्ने सोचसहित काम गर्नुपर्नेमा जोड दिए । कुनै पनि गलत काम गर्नेलाई पार्टीमा राख्नै हुँदैन कारबाही गर्नुपर्छ भन्दै उनले नेमकिपाले यही नीति लिएको र सहकारी ठगीदेखि गलत काम गर्ने जो कोहीलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरे । अपराधमा संलग्न भएकालाई राजनीतिमा ल्याउन नहुने बताउँदै उनले ख्वप विश्वविद्यालय स्वीकृत नगर्दा गरिब तथा जेहेन्दार विद्यार्थीहरू गुणस्तरसहितको उच्च शिक्षा र चिकित्सा शिक्षा पढ्नबाट वञ्चित हुनुपरेको भनी दुःख व्यक्त गरे । नेता बिजुक्छेले कम शुल्क लिई गुणस्तरीय शिक्षा प्रदान गर्ने सेवाभावका साथ प्रस्ताव गरिएको ख्वप विश्वविद्यालय देशकै लागि आवश्यक रहेको स्पष्ट गरे ।

उनले पहिलाभन्दा अझै गम्भीर र थप जिम्मेवारी बोधका साथ पार्टीलाई अगाडि बढाउने र देशभरि पार्टीको विचारलाई फैलाउन सोचका साथ केन्द्रीय नेतृत्व आफूले गर्ने र अरु जिम्मेवारी बाँडफाँट गरी अझै सक्रिय भएर देश र जनताका पक्षमा निःस्वार्थ रुपले सेवा गर्ने बताए । नेमकिपाका नवनिर्वाचित अध्यक्षले भने, ‘प्रदेशमा हामी त्यति सक्रिय थिएनौँ, अहिले प्रदेश समितिहरु व्यवस्थित रुपले काम गरिरहेका छन् । अब मधेश प्रदेशमा पनि सङ्गठन विस्तारको कामअघि बढ्छ र त्यहाँका जनतालाई राजनीतिक रुपले सचेत गर्दै पार्टीमा गोलबन्द गर्नेतर्फ ध्यान केन्द्रित गर्नेछौँ ।’

विदेशीलाई मात्रै दोष दिनुको सट्टा जिम्मेवार नेतृत्व पङ्क्ति सुध्रिनुपर्ने खाँचो औँल्याउँदै अध्यक्ष बिजुक्छेले योग्यताअनुसारको काम र कामअनुसारको ज्याला दिने गरी देशमा समाजवाद स्थापना गर्नु नै नेमकिपाको लक्ष्य भएको स्पष्ट पारे । पार्टीको आठौँ महाधिवेशनले संस्थापक नेता बिजुक्छेको अध्यक्षतामा ३३ सदस्यीय केन्द्रीय कार्यसमिति सर्वसम्मत चयन गर्नुका साथै सातै प्रदेशमा प्रदेश कमिटी गठन गरेको छ । महाधिवेशनले १२ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको छ । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन